# झुलेनी पोष्ट

www.jhulenipost.com

साप्ताहिक

वर्ष ८, अंक ३५, २०७८ चैत १५ मंगलवार (Jhuleni Post Weekly) 29 Mar. 2022 पृष्ठ ८, मुल्य रु. २०



झुलेनी पोष्ट साप्ताहिक

विज्ञापन प्रकाशनका लागि सम्पर्क

०८६-५९०४३६

कार्यालय : प्यूठान न.पा.-४, बिजुवार

Email : jhulenipyuthan@gmail.com


## निर्वाचनको सरगर्मि बढ्दै

# पुरानै जनप्रतिनिधि दोहोरीने चर्चा





स्थानीय तह निर्वाचन-२०७९
अब ४५ दिन बाँकी



**झुलेनी पोष्ट,**
**प्यूठान**

स्थानीय तहको निर्वाचन नजिकिँदै गर्दा प्यूठानका चोक, पसल र गाउँ बजारमा सम्भावित उम्मेदवारको नामबारे चर्चा हुन थालेको छ । जिल्लाका ९ वटा स्थानीय तहमध्ये धेरैजसो स्थानीय तहमा पुरानै जनप्रतिनी दोरोरीने चर्चा छ । यद्यपी, अहिलेसम्म प्यूठानमा क्रियाशिल ठूला राजनीति दलहरूले उम्मेदवारको नाम घोषणा गरिसकेका छैनन् ।

पार्टीले टिकट दिएपछि नगरपालिका, गाउँपालिकाको नेतृत्व गरेका पुनानै जनप्रतिनिधिहरुले दोहोरी चाहाना राखेका छन् । जिल्लाका ६४ वटा वटामा वडा अध्यक्षहरु पुरानै दोहोरी सम्भावना धेरै छ । दलहरूले अन्तिम उम्मेदवारको नामावली सार्वजनिक नगरे पनि स्थानीय तहहरूमा वडादेखि प्रमुखसम्मको पदमा उम्मेदवार बन्नेहरुको नाम तिनका कार्यकर्ताहरूले चर्चामा ल्याइरहेका छन् । धेरैले पुरानै जनप्रतिनिधिलाई पुनःदोहोऱ्याउने मनसायले चर्चा चलाएका छन् । कतिपयले नयाँलाई मौका दिनेसम्मका चर्चा छन् । नौंबहिनी गाउँपालिकामा नेपाली कांग्रेसले नयाँ उम्मेदवार देविराम पुनलाई उम्मेदवारी बनाउने चर्चा छ । मल्रानीमा राजमोले पार्टी अध्यक्ष कृष्ण खड्कालाई नयाँ उम्मेदवार बनाउन सक्ने चर्चा छ । यस्तै प्यूठान नगरपालिकामा माओबादी केन्द्रले नयाँ उम्मेवार विष्णु योगीलाई उठाउने चर्चा चलाएको छ । स्वर्गद्वारी नगरपालिकामा एमालेले नगरपालिका कमिटी अध्यक्ष रामप्रसाद श्रेष्ठलाई उम्मेदवार बनाउन सक्ने चर्चा छ । अन्य स्थानीय तहहरुमा

**बाँकी ४ पेजमा**

# प्यूठानमा पुरुष भन्दा महिला मतदाता धेरै

प्यूठान जिल्लामा जम्मा १ लाख ५९ हजार ३ सय ४६ जना मतादाता रहेका छन । जसमा ७७ हजार ३ सय २७ जना पुरुष र ८२ हजार १८ जना महिला र १ अन्य मतदाता रहेका छन । जिल्लाको ऐरावती गाउँपीलकामा १५ हजार ७ सय १६ जना मतदाता, गौमुखी गाउँपालिकामा १६ हजार४ सय २३ जना, झिमरुक गाउँपालिकामा २० हजार ३ सय ३० जना मतादाता रहेका जिल्ला निर्वाचन कार्यालय प्यूठानले जनाएको छ । त्यस्तै नौबहिनी गाउँपालिकामा १९ हजार ७ सय ६२ जना,प्यूठान नगरपालिकामा २९ हजार ८ सय ८६ जना,मल्लरानी गाउँपालिकामा १२ हजार ६ सय १० ,माण्डवी गाउँपलिकामा १० हजार ३ सय ७२ जना ,सरुमारानी गाउँपालिकामा १२ हजार ६ सय ९५ जना,र स्वर्गद्धारी नगरपालिकामा २१ हजार ५ सय ५२ जना गरी १ लाख ५९ हजार ३ सय ४६ जना मतादाता रहेका छन । जिल्ला निर्वाचन कार्यालय प्यूठानका अनुसार जिल्लाका नौ वटा स्थानिय तहमध्ये सबै धेरै मतादाता प्यूठान नगरपालिकामा रहेका छन । २०७९ बैशाख ३० गतेसम्म १८ वर्ष पुरा भएको मतदाताहरुको नामावली प्रकाशन गर्दै आईरहेको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ । बैशाख ३० गते हुने निर्वाचनका लागि जिल्लामा १ सय ५१ वटा मतादान स्थल र २ सय २० वटा मतदान केन्द्र रहेका छन । यस अघि २०७४ सालमा भएको निर्वाचनमा जिल्लामा १ लाख २७ हजार ४सय ३८जना मतादाता रहेका थिए ।

## जीवनको रङ्ग

# गाउँमै बित्यो विष्णुको जीवन

**सुजाता थापा क्षेत्री**
**झुलेनी पोष्ट, प्यूठान**

टिनले छाएको लामो बाख्राको खोरबाट बाहिर आएर बुरुक्क/बुरुक्क उफ्रदै बारीमा खेल्छन पाठापाठीहरु । ती पाठापाठीको स्याहारमा सधैं खट्छन ५६ वर्षिय विष्णु रानाभाट । बाख्राका पाठापाठी जंगली जनावरबाट जोगाउन, रेखदेख गर्ने, घाँस, पानी खुवाउनमै उनको दिन बित्छ । उनले बाख्रा फर्म खोलेको १ मात्र वर्ष भयो । बाख्रा पालन सुरु गरेदेखि उनी आफ्नो फर्ममा १८ घण्टा बिताउँने गर्दछन । बिहान र साँझ खाना खान मात्र घरमा पुग्ने रानाभाट हरेक समय बाख्रा फर्ममै हुन्छन । परिवारका सदस्यहरुले पनि उनलाइ साथ दिएका छन् ।

फर्म घरदेखी करिब १५ मिनेटको बाटोको दुरीमा छ । नौबहिनी गाउँपालिका वडा नं ५ गाबैमा उनको घर र सोही वडाको गाइवाङमा बिःजि बाख्रा फर्म खोलेका छन । गाउँमै छरछिमेकको घर





निर्माण गर्ने काम गरेर ज्यालाबाट कमाएको रुपैयाँ उनले बाख्रा फर्म खोल्नेको लागि लगानी गरेका हुन् ।

१० लाख लगानी गरी सुरु गरेको बार्खा फर्मले उनलाई रोजगारी दिएको छ । उनको फर्ममा १ वटा बयर बोका सहित २० वटा स्थानीय खरी जातका बाख्रा छन् । यसबाट नश्लसुधार गर्दै लग्ने रानाभाट बताउँछन् । 'पशु प्राविधिकको सल्लाहअनुसार बयर बोका लिएको हुँ,'उनले भने । 'आफ्नै गाउँमै केहि गर्नुपर्ने उदेश्यले बार्खा फर्म खोलेको हुँ,'

**बाँकी ५ पेजमा**

## हाम्रो नजर

# वडामै पुगेर जेष्ठ नागरिकलाई सम्मान



*प्यूठान नगरपालिकाले पालिका भित्रका जेष्ठ नागरीकलाई वठामै पुगेर सम्मान गरेको छ । प्यूठान नगरपालिका उप्रमुख शान्ता आचार्य,महिला बालवालिका तथा जेष्ठ नागरीक शाखा प्रमुख मन्जु घिताल, नगरस्तरीय जेष्ठ नागरिक सञ्जालका संयोजक देबिराम गौतम को टोलीले पालिकाका सबै १० वटै वडाहरुमा पुगेर जेष्ठ नागरिकलाईलाइ सम्मान गरेको हो । जेष्ठ नागरीकलाई एक थान बल्याङकेट, एउटा लौरी, दोसल्ला, टर्च लाईट र प्रमाण पत्रले सम्मान गरिएको छ । नगरपालिकाले जेष्ठ नागरीकलाई सम्मान कार्यक्रम अन्तर्ग नगर भित्रका १ सय जेष्ठ नागरीकलाई सम्मान गर्ने योजना नगरपालिकाको रहेको जनाएको छ । प्यूठान नगरपालिकाले ६० वर्ष माथिका जेष्ठ नागरिकलाई नि:शुल्क आँखा उपचार गर्दै समेत आएको छ । यस अघि जेष्ठ नागरिकलाइ राम्रो संग पाललन पोषण गर्ने बुहारीलाई सम्मान गर्ने कार्यक्रम समेत गरेको थियो । नगरपाकिको जेष्ठ नागरिकलाई हौसला प्रदान गर्ने कार्यक्रमको अन्य स्थानीय तहहरुले समेत अनुसरण गर्ने खालनका छन् ।*

# चौथो अंगको गुनासो



*सञ्चार क्षेत्रको विकासको लागि स्थानीय सरकारको भूमिका नपुगेको प्यूठानका कृयाशिल पत्रकारहरुले गुनासो गरेका छन् । नेपाल पत्रकार महासंघ केन्द्रको आयोजना तथा पत्रकार महासंघ प्यूठान शाखाको समन्वय र मल्लरानी गाउँपालिकाको सहयोगमा यसै जिल्ला समन्वय समितिको सभाहलमा सञ्चार क्षेत्रको पर्वद्धनमा स्थानीय सरकारको भूमिका विषयक अन्तरक्रिया कार्यक्रममा सञ्चारकर्मीहरुले गुनासो गरेका हुन् । अन्तरक्रिया कार्यक्रमा बोल्ने अधिकांश सञ्चारकर्मीहरुले स्थानीय तहहरुले बनाउने बजेट निति तथा कार्यक्रममा सञ्चार माध्यमलाई उपेक्षा गरेको गुनासो गरे । नेपाल पत्रकार महासंघका केन्द्रिय अध्यक्ष विपुल पोखेलको प्रमुख आथित्यतामा भएको कार्यक्रममा, मल्लरानी गाउँपालिका अध्यक्ष अमरध्वज राना, उपाध्यक्ष सरीता जीसी, नेपाल पत्रकार महासंघ केन्द्रिय सदस्य शुशिल पोखेल, पत्रकार महासंघ प्यूठानका पूर्व अध्यक्ष गिरुप्रसाद भण्डारी, मल्लरानी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत बालकृष्ण थापा लगायतले मन्तव्य राखेका थिए । नेपाल पत्रकार महासंघ प्यूठानका अध्यक्ष सन्जय रिजालको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन नेपाल पत्रकार महासंघ प्यूठानका सचिब प्रकाश बैद्यले गरका थिए । पत्रकारहरुको गुनासो स्थानीय तहले सुन्ने वातावरण पत्रकार महासंघले गरोस् ।*

झुलेनी पोष्ट
सम्पादकीय....


## मतमागन आउनेहरुलाई सौधौं, के काम गर्नुभयो ?

प्यूठानमा चुनावी माहोल विस्तारै तातिदै छ । निर्वाचन जुनसुकै तहको किन नहोस्, त्यसमा दलविशेषले प्राप्त गर्ने सफलताले सम्बद्ध कार्यकर्ताहरुको मनोबल बढाउँछ । त्यसैले गर्दा दलहरु निर्वाचन आफ्नो पक्षमा पार्ने कसरतमा छन् । दलहरुको पहिचान गाँसिएर हुने निर्वाचनमा माथिल्लो तहका नेताहरुको प्रत्यक्ष सहभागिता भएपछि जिल्लाका सबै क्रियाशिल दलहरुको गतिविधि बढेको छ । एक पार्टीका कार्यकर्ता अर्को पार्टीमा प्रवेश गराउने होडनै चलाएका छन् ।

निर्वाचन नजिकै आएकाले होला, कुनै पनि क्षेत्रमा हुने निर्वाचन दलगत राजनीति भन्दा पृथक् छैन । कुनै न कुनै रूपमा दलीय प्रतिस्पर्धाको छायाँ त्यसमा परेकै देखिन्छ । भर्खरै माण्डबी भित्रका केहि विद्यालयहरुको व्यवस्थापन समिति चयनमा भएको निर्वाचन यसको पछिल्लो उदाहरण हो । स्थानीय तह,प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन परिणामबाट मात्र होइन, सामाजिक क्षेत्रका अन्य संस्थामा समेत पहुँच र प्रभावका आधारमा दलहरुको जनाधार मापन गरिन्छ । विद्यालय व्यावस्थापन समिति, संघ सस्था चारैतिर चरम दलीयकरण हुँदै आएको छ । बहुदलीय लोकतन्त्रमा एकभन्दा बढी दल हुनु र तिनीहरुमाझ स्वस्थ प्रतिस्पर्धा हुनु स्वाभाविक नै मानिन्छ । दल एकभन्दा बढी भए भने जनतालाई छनोट गर्न सहज हुन्छ । एकभन्दा बढी दल लोकप्रिय, सबल र संरक्षकका रूपमा रहे ती मध्ये आफ्ना लागि तुलनात्मक रुपमा हितकारी दलको छनोट गर्न मतदातालाई सहज हुन्छ । संविधानसभा पछि बनेको नयाँ संरचना पछिको निर्वाचित जनप्रतिनिधिको कार्यकाल पूरा हुँदै छ । यस पृष्ठभूमिमा स्थानीय सरकारहरुले विकास-निर्माणको नीति कसरी तयार गरे, विकासका लागि स्रोत परिचालन/संकलन, प्रभावकारी सेवा प्रवाह, दिगो विकास, सुशासन, समानता, समन्याय, सामाजिक न्याय र सामाजिक समावेशीकरणको कस्तो नमुना प्रस्तुत गरे भनेर मतदाताले सोध्ने बुझ्ने समयम यही हो ।


दलहरुले आफूले नेतृत्व गरेका पालिकाहरुमा केकस्ता उत्तम अभ्यास गरे, स्थानीय दिगो विकास लक्षित के कस्ता प्रयत्न गरे, रैथाने ज्ञानलाई कसरी कार्यान्वयनमा ल्याएर स्थानीय परिवेश सुहाउँदो विकास गरे गरेनन् भन्ने प्रश्न पनि मतदाताले गर्नसक्नु पर्छ ।

# सम्बन्धविच्छेद र सम्पत्तिको अधिकार



मधु शाही

काभ्रे घर भएकी ४० वर्षे कागबेली केसी (नाम परिवर्तन) का श्रीमान् विवाह भएको दुई वर्ष नपुग्दै हालै बिते। पाँचमहिने छोरी हुर्काउन उनलाई निकै सकस भइरहेको छ। एकातिर छोरी पाएकीले परिवारले हेला गर्छ, अर्कातिर श्रीमान् नै नभएपछि आफन्तले पनि वास्तै गर्दैनन। उनका श्रीमान् भारत जान्थे, कमाउँथे र सोही पैसाले दैनिकी चलेको थियो। श्रीमान्को भूमि थिएन न त अन्य चल सम्पत्ति नै। श्रीमान् नभएपछि कागबेलीले भूमि र अचल सम्पत्तिको महत्त्व थाहा पाइन्। कागबेलीले यो दुःख माइतीसामु बिसाइन्। छाप्रो बनाउन थारै जग्गा मागिन्। सम्पत्ति माग्दा आमाबुबा र तीनै जना भाइ बोल्नै छाडे। भाइहरू भन्दा रैछन्, 'बिहे गरेर दिएका हौं, जेसुकै गर्।' यस्तोमा उनी कता जाने ? महिलालाई सम्पत्तिमाथिको अधिकार नहुँदाको अप्ठ्यारो कागबेलीको अनुभवले बुझाउँछ।



इतिहासका विभिन्न कालखण्डमा भएका महिला आन्दोलनको उपज, हामीसँग अहिले सम्पत्तिमाथिको अधिकार सम्बन्धमा थुप्रै कानुन छन्। कानुनले छोराछोरीलाई पैतृक सम्पत्तिमा समान अधिकार पनि दिएको छ। तर, यस्ता कानुनी प्रावधान न समाजले मान्छ न त परिवारले नै। छोरीलाई सम्पत्ति दिन बाबुआमा र दाजुभाइहरू नै अग्रसर हुनुपर्छ, यस्ता अधिकारबारे जानकार हुनुपर्छ। तर, यहाँ त पढे-लेखेका र कानुन बुझेका परिवारमा हुर्केका छोरीहरूले नै आफ्नो अधिकार पाएका छैनन्। यो अधिकारको उपयोग हुन सकेको छैन।

बाँके घर भएकी एक महिला पत्रकारको अनुभव पनि कागबेलीको भन्दा भिन्न छैन। छोरी जन्मिएपछि श्रीमान् बेखबर भए। त्यसपछि उनको सम्बन्ध श्रीमान्को घरका सदस्यहरूसँग पनि टुट्यो। छोरीको जन्मदर्ता गर्न पनि उनले सहयोग पाइनन्, सम्पत्ति पाउन त परै जाओस। उनले माइतीलाई यो सबै दुःख कहिन। माइतीसँग पनि निकै द्वन्द्वपश्चात् अंश बन्डा होइन, दयामायामा एउटा घडेरी पाइन। उनी भन्छिन्, 'अंशबन्डाकै रूपमा अधिकार पाउन अझै चुनौती छ छोरीलाई।'

श्रीमान्सँग सम्बन्ध बिग्रेपछि वा श्रीमान् नभएपछि, समाजले महिलालाई 'बिचरा छोरी', 'दुःखी', 'अबला', 'यसको कोही छैन' आदि भन्ने गर्छ। दयाको भावले हेरिन्छ। सम्पत्तिमाथि छोरीको पनि अधिकार हुन्छ भन्ने ठानिँदैन। दिइहाले पनि दान सम्झिइन्छ। अंशबन्डा गरेर बाबुआमाको सम्पत्ति छोरा र छोरीमा समान रूपमा भाग लगाइँदैन। सम्पत्तिका हिसाबमा छोराछारी बराबरी हुन् भन्ने मान्यता अझै समाजमा स्थापित भइसकेको छैन।

आर्थिक अधिकार नदिएसम्म महिलाको व्यक्तित्व विकास असम्भव छ, न त समाजकै समृद्धि सम्भव हुन्छ। महिलाको सम्पत्तिमा हकका लागि विभिन्न खाले बहस र आन्दोलन भइरहेकै छन्, यसकै कारण समाजको बुझाइमा पनि परिवर्तन भइरहेको छ तर ती न सन्तोषजनक छन् न त पर्याप्त नै। विश्वप्रसिद्ध महिलावादी लेखक सिमोन द बोउवारले 'द सेकेन्ड सेक्स' पुस्तकमा भनेकी छन्- महिला र पुरुषको समान हैसियत सम्पत्तिमाथिको समान पहुँचले निर्धारण गर्छ। हाम्रोमा कानुनका धारामा महिला-पुरुषको समान पहुँच भए पनि व्यवहारमा पितृसत्तात्मक सोच नै हावी छ, जसले यस्ता प्रावधानलाई लागू गर्न दिएको छैन। अर्कातर्फ कानुनले पनि महिलाको अधिकारको कुरा आउँदा 'तर', 'वा', 'अर्थात्' जस्ता शब्द प्रशस्तै प्रयोग गरेको उदाहरण भेटिन्छ। २०५९ सालमा मुलुकी ऐनको ११ औं संशोधनमा छोरीले पनि बराबर अंश पाउने तर विवाह भएपछि फर्काउनुपर्ने लेखिएको थियो। यस्तो व्यवस्थाको चर्को विरोध भएपछि 'तर' हटाइयो।

त्यस्तै, मुलुकी देवानी संहिता ऐन-२०७४ को संशोधन गर्ने भन्दै कानुन आयोगले सम्बन्धविच्छेद गरेका महिलाले अर्को विवाह गरेमा पूर्वपतिबाट पाएको अंश फिर्ता गर्नुपर्ने नयाँ प्रस्ताव अघि सारेको छ, अहिले। समाजिक सञ्जालमा यो प्रस्तावको आलोचना र समर्थन दुवै भइरहेको छ। यस्तो प्रस्तावको अर्थ के हो ? यसमा खर्च गरे फिर्ता गर्नु नपर्ने पनि उल्लेख छ। यो प्रस्ताव पास हुने हो भने सम्पत्ति गुम्ने डरले महिलाले पुनः विवाह गर्नेछैनन्, उनीहरू नयाँ जीवन सुरु गर्नबाट वञ्चित हुनेछन। सम्बन्धविच्छेद भनेको पूर्ण स्वतन्त्रता हो।

सम्बन्ध जोड्दाको अवधिभर महिलाले भावनात्मक, शारीरिक, आर्थिकजस्ता हरेक पक्षबाट आफ्नो परिवारका लागि योगदान गरिरहेका हुन्छन्। यहाँसम्म कि परिवार र सम्बन्ध बचाउनकै लागि आफ्ना थुप्रै सपना मारेर, करिअर नै दाउमा राखेर समर्पित भएका हुन्छन। उनीहरूको परिश्रम र समयको लगानी हुन्छ। त्यसको क्षतिपूर्ति सम्बन्धविच्छेद गर्दा पाउने सम्मानजनक अशंबन्डा हो, यो पनि फिर्ता लान खोज्नुले महिलामाथिको विभेद कुन तहमा छ भन्ने देखाउँछ। अर्को विवाह गरे अंश फिर्ता गर्नुपर्ने प्रस्तावमा सम्पत्तिको नाममा ललिपप देखाएर महिलाको यौनिकता, सामाजिक र भावनात्मक स्वतन्त्रतामाथि अंकुश लगाउने पुरुष-सोचको गन्ध आउँछ। पुरुषहरूले बनाएको कानुनले नारी अस्तित्वलाई सम्बोधन गर्न सकेको छैन। यस्तो औचित्यहीन प्रस्ताव ल्याउनुले हाम्रो समाजमा पितृसत्ता कति हावी छ भन्ने उजागर गरिरहेको छ। यस्तो अवस्था रहेसम्म महिलाले सम्मानजनक जीवन बाँच्न पाऊँदैनन।


## नगरपालिकावासिलाई अनुरोध

लैंङ्गिक हिंसाको विरोध गरौं । ज्येष्ठ नागरिक, एकल महिला एवम्र अपाङ्गता भएका व्यक्तिहरुको लागि वितरण गरीने सामाजिक सुरक्षा भत्ता र अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरुपयोगमा खवरदारी गरौं । वातावरणमैत्री गाउँपालिका बनाउन प्रतिवद्ध वनौं । विकास निर्माणका काममा जनसहभागिता जुटाऔं । छोरा र छोरीमा भेदभाव नगरौं । बाल विवाह न्युनीकरणका लागि अभियान चलाऔं । नगरपालिकाबाट इजाजत लिएर मात्र घर निर्माण तथा ब्यवसाय सञ्चालन गरौं ।

अनुरोधक : स्वर्गद्वारी नगरपालिका, भिंगृ प्यूठान

# बारको निर्वाचन र महिला उम्मेदवारी



सविता विमली

तीन वर्षअगाडि, नेपाल बार एसोसिएसन (नेबाए) को अघिल्लो निर्वाचनमा मुख्य दुई प्रतिस्पर्धी समूहमा उम्मेदवार महिलाको न्यून संख्याले स्तब्ध बनाएको थियो। महिला उपाध्यक्ष १, महिला सदस्य उपत्यकाबाहिर १, महिला खुला १ गरी जम्मा ३ जना ! प्रगतिशील गठबन्धनले चुनावी गणितलाई ध्यानमा राखेर अर्को एउटा समूहमा एक महिला उम्मेदवार थप्यो। हालको नेपाल बारको २५ सदस्यीय केन्द्रीय समितिमा ४ महिलाको उपस्थिति छ। नेपालमा संगठित कानुन व्यवसाय २०१३ सालदेखि प्रारम्भ भयो। महिलाको यस क्षेत्रमा प्रवेश २०१७ मा अभिकर्ताका रूपमा भयो। शान्तिदेवी शाह थापा पहिलो महिला अभिकर्ता थिइन्। २०२७ मा पहिलो महिला अभिवक्ता बन्ने इतिहास पनि उनै शान्तिदेवी शाह थापाका नाममा छ। अधिवक्ता बन्ने उनको सपना भने पूरा हुन सकेन।

२०२० मा सुशीला सिंह 'शिलु' पहिलो महिला अधिवक्ता भइन् जसको नाममा पहिलो महिला अधिवक्ता, वरिष्ठ अधिवक्ता हुँदै सर्वोच्च अदालतको न्यायाधीश बन्ने इतिहास अभिलिखित छ। पहिलो महिला न्यायाधीश भने २०२४ मा दोस्रो महिला अधिवक्ता बनेकी शारदा श्रेष्ठ बनेकी थिइन। त्यहाँदेखि यहाँसम्म हेर्दा नेपाल बारको इतिहासमा पहिलो महिला केन्द्रीय सदस्यका रूपमा पनि सुशीला सिंह 'शिलु' कै नाम छ। २०३३-३६ को नेबाए कार्यसमितिमा उनी सदस्य थिइन् जुन कार्यसमितिका अध्यक्ष थिए– सर्वज्ञरत्न तुलाधर। २०३३ मै उनी वरिष्ठ अधिवक्ता भएकी थिइन।

त्यसपछिका लगभग डेढ दशक नेबाएमा महिलाहरू कहीँ देखिएननर। २०४६ को परिवर्तनपछि नेबाए अन्तर िष्ट्रिय मञ्चमा पुग्यो। दाताहरूसम्म पुग्यो। दाताहरूले कार्यसमितिमा महिला कानुन व्यवसायीको उपस्थितिप्रति चासो राखेपछि २०५१ को कार्यसमितिमा २ महिलाको प्रवेश भयो– गीता पाठक र पुष्पा भुसाल। त्यसयता नेबाएमा महिला प्रतिनिधित्व छुटेको छैन। यसरी २०४६ को परिवर्तनले महिलाको उपस्थितिलाई नियमित गऱ्यो भन्न सकिन्छ। यसबीच राजनीतिले ठूलै फड्को माऱ्यो। २०७२ को संविधानले ३३ प्रतिशत महिला प्रतिनिधित्व सुनिश्चित गऱ्यो। योसँगै नेपाल बारले पनि पाँचौं र छैटौं विधान संशोधनसहित हालको समावेशी बारको स्वरूप तयार गऱ्यो र १ महिला उपाध्यक्ष, २ महिला सदस्यको कोटा आरक्षित गऱ्यो। प्रत्येक बार एकाइमा १ महिला सहसचिवको व्यवस्था छ जसले सिंगो बार एकाइका महिला कानुन व्यवसायीहरूको नेतृत्व गर्छ।

**निर्वाचनमा उम्मेदवारी दिनु हक हो। यो हक खोसिनु हुन्न। महिलाहरूले नजित्न सक्छन् तर उनीहरूले हार्न पाउनुपर्छ। चुनावी प्रतिस्पर्धामा सहभागी हुन पाउनुपर्छ।**



राज्यको मुख्य प्रशासनिक बागडोर सम्हालेको सिंहदरबारको छेउमा, राष्ट्रको सर्वोच्च अदालतको परिसरभित्र रहेको नेबाएले अझ के ठानेको छैन भने, ३३ प्रतिशत महिला प्रतिनिधित्वको संवैधानिक व्यवस्थालाई पालना गर्नु उसको संवैधानिक तथा नैतिक दायित्व हो। नेबाएले संविधान पालनाप्रति न्यूनतम नैतिकतासम्म देखाउन सकेको छैन। संविधानले तोकेको ३३ प्रतिशत महिला प्रतिनिधित्वबारे बारको विधान मौन छ। विधानको यही मौनतासँग बार तथा कानुन व्यवसायीका पेसागत संघ-संगठनका ठालूहरूले खेलिरहेका छन्। प्रतिनिधित्वको ग्यारेन्टी पनि चाहिएन रे लौ, चुनावी प्रतिस्पर्धामा ३३ प्रतिशत उम्मेदवारीको सुनिश्चितता त गर्न सकिन्थ्यो नि ! त्यो पनि गरिएन। गरिएको छैन। २५ सदस्यीय कार्यसमितिमा ३ जना महिला कोटा (१२ प्रतिशत) आरक्षित गरेर नेबाएका ठालुहरू महिला कानुन व्यवसायीहरूलाई उपकार गरेको भन्ठान्छनर। यसरी कोटा अनुसार महिला-महिलामा प्रतिस्पर्धा भएपछि बाँकी पदमा पुरुषहरूकै हालीमुहाली रहँदै आएको छ। २०७२-७५ को कार्यसमितिमा २ महिला खुलाबाट पनि निर्वाचित भएर महिलाको संख्या ५ पुग्यो। खुला सदस्यमा महिला निर्वाचित भएपछि पुरुष अहम्मा लागेको चोटको के कुरा ! त्यसपछिको निर्वाचनमा पुनः कोटामै सीमित पारिए महिलाहरू।

यसैको जिज्ञासामा पाएको जवाफ यस्तो थियो– 'महिलालाई खुलामा उठाउँदा महिलाहरूको सबै भोट महिलालाई जाने रहेछ। जुन प्यानलको भए पनि महिलाले नै जित्ने रहेछन्। त्यसैले महिलालाई यस पटक खुलामा नउठाइएको हो।' यसरी २ महिलासँग हार्नुपर्दाको पुरुष अहंकारले बोली पाएको थियो कुनै प्रगतिशील मनुवाको मुखबाट। यस पटक अध्यक्ष २, महासचिव १, दलित २, मधेशी मुस्लिम उपत्यकाबाहिर १, आदिवासी जनजाति उपत्यकाबाहिर १ र खुला १ तथा आरक्षित कोटामा गरी जम्मा १५ महिलाको उम्मेदवारी परेको छ। जम्मा ७५ जनाको उम्मेदवारी परेकामा महिला उम्मेदवारको संख्या २० प्रतिशत हुन आउँछ। महिला कोटाबाट ३ जना र दलित समूहमा २ जना नै उम्मेदवार महिला भएका कारण महिलाहरूको मात्र प्रतिस्पर्धाबाट यस पटक ४ महिला निर्वाचित हुने निश्चित छ। अन्य पदमा महिला उपस्थितिको निर्क्योल चुनावी प्रतिस्पर्धाको अन्तिम परिणामले बताउनेछ। २५ सदस्यीय कार्यसमितिमा १४ समूहमा प्रतिस्पर्धा हुने गरेकामा यस पटक ९ समूहमा महिलाहरूले दाबेदारी प्रस्तुत गरेका छन्। ६ सदस्यका लागि हुने खुला सदस्य समूहमा २२ उम्मेदवार रहेकामा १ जना पनि महिलाको उम्मेदवारी परेको छैन भने कोषाध्यक्ष, प्रदेश उपाध्यक्ष, मधेशी मुस्लिम खुला, सदस्य उपत्यकाबाहिर गरी ५ समूहमा पुरुषहरूको मात्र प्रतिस्पर्धा हुनेछ।

२०६६-६९ को निर्वाचनमा उपाध्यक्षमा ईश्वरी दाहाल र महासचिवमा सुषमा बाँस्कोटाले प्रतिस्पर्धा गरेका थिए। नतिजा पक्षमा नआए पनि नेबाएको इतिहासमा त्यो उम्मेदवारीले ऐतिहासिक महत्व राख्छ। त्यसपछिका निर्वाचनमा महिलालाई अध्यक्ष र महासचिवका रूपमा उम्मेदवार देख्नु भनेको दिवास्वप्न मात्र थियो। तर यो निर्वाचनले नेपाल बारको चुनावी इतिहासमा पहिलो पटक अध्यक्ष, महासचिवसहित थप ७ समूहमा प्रत्याशीका रूपमा महिलालाई उभ्याएको छ। यो आफैंमा एउटा उपलब्धि हो। अध्यक्षका प्रत्याशी अनिता जधारी र अमिता लक्ष्मी सैंजु श्रेष्ठको एकल उम्मेदवारी हो भने, अन्जिता खनाल सत्तापक्षीय गठबन्धनतर्फको बृहत् लोकतान्त्रिक-प्रगतिशील समावेशी तथा पेसागत कानुन व्यवसायी समूहबाट महासचिव पदकी प्रत्याशी हुन्। कुनै प्यानलले पहिलो पटक महिलालाई महासचिवका रूपमा पत्याएको छ। प्रगतिशील तथा पेसागत कानुन व्यवसायी समूहले मुख्य पदमा जसरी महिलालाई खुला प्रतिस्पर्धामा समेट्न सकेन, त्यसै गरी प्रजातान्त्रिक समूह एक्लो प्रतिस्पर्धामा हुने थियो भने उसले पनि खुला प्रतिस्पर्धामा महिलालाई समेट्ने थिएन नै। यी २ मुख्य प्रतिस्पर्धी प्यानलबाट यसपटक ६/६ महिला प्रतिस्पर्धामा छन्। यो संख्या २४ प्रतिशत मात्र हो।

माओवादी केन्द्रनिकट कानुन व्यवसायीको संगठनले अघिल्लो सत्ता गठबन्धनसँगको मिलेमतोमा नेबाएको अध्यक्ष हत्यायो भने अहिले वर्तमान सत्ता गठबन्धनसँगको मिलेमतोमा महासचिवको उम्मेदवारी आफ्नो पोल्टामा पारेको छ।

**बाकी ६ पेजमा**


## वोलपत्र / दरभाउपत्र स्वीकृतका लागी आशय सम्वन्धी सुचना

**प्रकाशित मिति: २०७८/१२/१५**

प्रस्तुत विषयमा यस कार्यालयको आ.व. २०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार मिति २०७८/११/०८ गते र २०७८/११/२४ गते प्रकाशित सुचनाका आधारमा रितपूर्वक पेश हुन आएका वोलपत्र/दरभाउपत्रमा सबै भन्दा कम रकम कवोल गर्ने तपशिल बमोजिमका निर्माण व्यवसायीहरुबाट कवोल गरेको अंक सारभुत रुपमा प्रभावग्राही देखिएकोले स्वीकृतीको लागी छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र दफा ४७ को उपदफा ३ को प्रयोजनार्थ यो सुचना प्रकाशन गरिएको छ।

**तपशिल**

| सि.न. | ठेक्का नं. | योजनाको विवरण | फर्मको नाम, ठेगाना | कवोल अंक (भ्याट बाहेक) |
|---|---|---|---|---|
| १ | DFO/ PYUTHAN/W/NC B-01/2078/79 | Construction of Information Centre in Bahane | इभिना निर्माण सेवा, प्यूठान न.पा. ७ प्यूठान | २५,२५,०४२.७५।- |
| २ | DFO/ PYUTHAN/W/NC B-02/2078/79 | Construction of SDFO building in Macchi | मकालु कन्ट्रक्सन झिमरुक गा.पा. ७ प्यूठान | ४४,७७,४३३.२९।- |
| ३ | DFO/ PYUTHAN/W/NC B-03/2078/79 | Construction of retaining wall in DFO Pyuthan Premises. | सन्दिप निर्माण सेवा, मल्लरानी गा.पा. ४ प्यूठान | १७,२९,५२६.१०।- |
| ४ | DFO/ PYUTHAN/W/NC sc-03/2078/79 | Construction of High-Tech Nursery with Fogginf system | ग्रिनलाईफ एग्रो टेक कम्पनी प्रा.लि. जमल काठमाडौ | १६,९८,७१६.३१।- |

**अनुरोधक:**
प्रदेश सरकार
लुम्बीनी प्रदेश
वन, वातावरण तथा भु संरक्षण मन्त्रालय
वन निर्देशनालय
**डिभिजन वन कार्यालय, प्यूठान**
२०७५
फोन नं. : ०८६-४२०००७
ईमेल: putdfo@dof.gov.np



## झुलेनी पोष्ट
साप्ताहिक

**समाचार, सूचना, विचार र विज्ञापन प्रकाशनका लागि हामिलाई सम्पर्क**

**फोन : ०८६-५९०४३६**

Email : jhulenipyuthan@gmail.com

## मुक्तक दोहोरी

V/S



**लालीमाया थापा मगर**

*नौबहिनी गाउँपालिका-२,
लिघा, प्यूठान*



**खेम मगर कान्छा**

*नौबहिनी गाउँपालिका-८,
फोप्ली प्यूठान, हाल मलेसिया*

**मुक्तक १** (लालीमाया थापा मगर)
आफ्नै सम्झेर रहन मुस्किल परेको छ।
सम्हाल्न नि यो मन मुस्किल परेको छ।
घर भित्रको कामको चटारोले गर्दा खेरी,
मलाई बाहिर निस्कन मुस्किल परेको छ।

**मुक्तक १** (खेम मगर कान्छा)
भएको के हो खास बन्देज कसले बनायो।
देखाएर डर त्रास बन्देज कसले बनायो।
यसरी कसैको दमन सहेर कतिन्जेल बस्छौ,
हुनुपर्छ यो पर्दाफास बन्देज कसले बनायो।

**मुक्तक २**
छैन मलाई केही होस कसलाई दिनु।
भैहाल्छ फेरी आक्रोश कसलाई दिनु।
म पिल्सिनुको कारण म आफै हुँ,
अब यहाँ मैले दोष कसलाई दिनु।

**मुक्तक २**
बुझ्ने भएको छैन समाज आफैं उठाउनुपर्छ।
नमानेर सरम केही लाज आफैं उठाउनुपर्छ।
भित्री मन जलाएर आफैलाई सखाप नपार,
अधिकार पाउन आवाज आफैं उठाउनुपर्छ।

**मुक्तक ३**
सुन्दर घर बनाउन साथ तिम्रो चाहिन्छ।
परिवर्तन गराउन साथ तिम्रो चाहिन्छ।
म एक्लैले त केही गर्नै सक्दिन त्यसैले,
आवाज उठाउन साथ तिम्रो चाहिन्छ।

**मुक्तक ३**
भन्दैछु तिमीलाई जिताएर म हार्न चाहान्छु।
यो समाजको कसिङ्गरलाई बढार्न चाहान्छु।
भन कहाँ अनि कुन समयमा साथ चाहियो
त्यहीं ठाँउमा समय अनुकुल पार्न चाहान्छु।

**मुक्तक ४**
हुन नपरोस् मलाई असफल तिमी आउनु।
जिन्दगीलाई बनाउन झलमल तिमी आउनु।
कुनै अनुकुल समयमा आउनु भन्दा पनि,
मलाई साथ दिनलाई हरेक पल तिमी आउनु।

**मुक्तक ४**
कुरा के हो प्रष्ट भन मलाई कोको सँग हो।
दिदि,बहिनी अनि दाजुभाई कोको सँग हो।
तिम्रो लागी समय होइन ज्यानै दिन तयार
बरु भन खास तिम्रो लडाइँ कोको सँग हो।

**मुक्तक ५**
मेरो सामु दुस्मन बनी उभिन सक्छ।
कुरा गहिरो छ फेरी लम्बिन सक्छ।
यदी मैले साचो कुरा भनिहाले भने,
बिचरा उसको जीवन सकिन सक्छ।

**मुक्तक ५**
नगर प्रीया यसरी मन अल्झिने कुरा।
किन गर्दैछौ तिमी आफैं बदलिने कुरा।
लडाइँ पनि हो भन्छौ फेरी भन्न डराउछौ
के होर त्यस्तो जीवन नै सकिने कुरा।

**मुक्तक ६**
मलाई फिदा त उसको मुस्कानले बनायो।
त्यही माथी नजिक झन् चिनजानले बनायो।
भयो नसोध साथी यो कुरा म दबाएरै राख्छु,
किनकी यतिको सहनशिल भगवानले बनायो।

**मुक्तक ६**
ओहो पार्यौ यसरी दङ्ग खुशी छैन रहेछौ।
पुरै बदलियो त रङ्ग खुशी छैन रहेछौ।
तिम्रो खुशी नै उसले लिएर गएछ क्यारे
यसको मतलब म सँग खुशी छैन रहेछौ।

## मुक्तक



**अन्जिता राउत**

*नेचा सल्यान -५ सोलुखुम्बु
हाल:भक्तपुर लोकन्थली*

**मुक्तक १.**
आँखाभरी आँसु देख्दा हाँसेर जानेहरुलाई ।
उठाउनुको साटो उल्टै लडाएर जानेहरुलाई ।
आफन्त या पराई के नाम दिँउ सोची रहेछु,
छेपारोले जस्तै रंग बदलेर जानेहरुलाई।

**मुक्तक २.**
गलत कदम चाले जे पनि हुन्छ
मनमा भ्रम पाले जे पनि हुन्छ
रातमा सपनी बिग्रीयो भन्दैमा
अनेक सोच्न थाले जे पनि हुन्छ।

**मुक्तक ३.**
लुकाएर आँसु पीडामा हाँसो घोली राख्नु है प्यारा
आज जस्तै सदा यस्तै मिठो बोली राख्नु है प्यारा
यो मुटुमा मिठो मायाको सौगात लिएर आउँदै छु
खुसीसाथ त्यो मनको दैलो खोली राख्नु है प्यारा।

## मुक्तक



**समर्पण आर.बि. मगर**

*प्यूठान नगरपालिका ५,
जुम्रीकाडा, हाल भारत*

॥१॥

महोदय बडो दु:ख लाग्दछ किन? बात मिल्दैन।
मिल्दैन व्यक्ति व्यक्तिमा स्तर, औकात मिल्दैन।
यो धर्तिका बोझ, कलङ्क हे पापी मनुष्य हो,
आखिर कहिले सम्म पानी चल्दैन, जात मिल्दैन।

॥२॥

नपर्ला भन्न सकिन्न थला, कस्लाई के थाहा ?
महोदय त्यो दैवको कला, कस्लाई के थाहा ?
भन्छन् नि दुई दिने हो जिवन खुशीले जिऔं,
आज छ भोलि न रहला, कस्लाई के थाहा ?

॥३॥


हेर स्वतन्त्र भई जीवन जिउँन सजिलो हुन्छ।
आज भन्दा भोलि झन् जिउँन सजिलो हुन्छ।
न कोही कसैको डर न त केहीको पिर चिन्ता,
बनायौं भने पत्थर मन जिउँन सजिलो हुन्छ।

## रोचक/प्रेरक प्रसङ्ग

# खास के छ यो कागजको टुक्रामा ? बिक्दैछ साढे ६ करोडमा

कलाका अनेक रुप हुन्छन् । टेपले भित्तामा टाँसिएको एउटा केराको तस्वीर सन् २०१९ मा सोसल मिडियामा निकै चर्चित बन्यो । कमेडियन नाम दिइएको उक्त टेपले टाँसेको केराको कलाकृतिमा एउटा पाकेको ताजा केरा भित्तामा टेपले टाँसिएको हुन्छ। मिडियाको ध्यान खिच्न सफल उत्त कलाकृतिका दुई थान अन्ततः आर्ट बासेल मियामी बिचमा कूल १ लाख २० हजार डलरमा बिक्रि भए । कम्तिमा त्यो टाँसिएको केरा त देखिन्थ्यो। तर गतवर्ष एकजना इटालियन कलाकारले एउटा अमूर्त मूर्ति लिलामी गर्न सफल भए । वास्तवमा त्यो मूर्ति केहीले पनि बनेको थिएन। अर्थात् वास्तवमा मूर्ति नै थिएन। अस्तित्व नै नरहेको उक्त अमूर्त मूर्तिकलालाई कलाकार साल्भाटोर गाराउले ६ हजार देखि ९ हजार डलरसम्ममा बिक्री गरेका थिए।

तर अमूर्त कलाको सिर्जना गर्ने गाराउ मात्र एक्लो हैनन्। सन् १९५० मा कलाकार इभेस क्लेइनले यस्तै अमूर्त कला बिक्रि गरेका थिए। उनले धेरै काल्पनिक र अमूर्त कलाको सिर्जना गरेका थिए । सन् १९५८ मा उनले The Void नामक कला प्रदर्शनी गरे र त्यस क्रममा एउटा खाली कोठामा ठूलो र्याक राखे । उनको



उक्त प्रदर्शनी कक्षमा धेरै कलाअनुरागीहरु आए। वास्तवमा उनीहरु एउटा र्याकमात्र राखिएको खाली कोठा हेरेर फर्किए । त्यसबेला आगन्तुकहरुलाई उनले उक्त रित्तो कोठाका ठाउँठाउँमा सिर्जना गरेका काल्पनिक कलाहरु बिक्रि गरे । उनका अस्तित्वमै नरहेका काल्पनिक अमूर्त कलाका लागि खरीदकर्ताहरुले उनलाई सुन दिएका थिए । त्यसरी सुन लिएर आफ्ना अमूर्त कला बिक्रि गरेपछि उनले बकाइदा बिल भरपाई दिन्थे।

क्लेइनको मृत्युको ६ दशकपछि उनले अमूर्त कला बिक्रि गर्दा दिएको हस्तलिखित बिल भरपाइ लिलामीमा राखिँदैछ। कागजको सानो चिर्कटोमा रहेको उक्त अमूर्त कलाको स्वामित्व सहितको हस्तलिखित बिल भरपाई साढे ५ लाख डलर अर्थात् झण्डै साढे ६ करोड रुपैयाँमा बिक्रि हुने अपेक्षा गरिएको छ । उक्त बिलमा सन् १९५९ डिसेम्बर ७ को मिति लेखिएको छ। क्लिनको मृत्युको चार वर्ष अगाडिको मितिमा उक्त बिल लेखिएको हो। क्लिइनको हस्तलिखित बिल भरपाई निकै दुर्लभ कला मानिएको छ। किनकी आफ्ना अमूर्त कला बिक्रि गर्ने क्लेइनले हरेक वर्ष एउटा अनौठो कार्यक्रमको आयोजना गर्दथे । त्यस्तो कार्यक्रममा उनले आफ्ना अमूर्त कलाका खरीदकर्तालाई समेत बोलाउँथे । उक्त कार्यक्रममा उनले कलाकृति बेचेर आफुले कमाएर आधा सुन सेइन नदीमा फ्याँकि दिन्थे भने खरीदकर्तालाई दिएको बिल पनि जलाउन लगाउँथे।

एजेन्सीको सहयोगमा

# पुरानै......

पुरानै दोहोरोरिन सक्ने धेरैले अड्कल काटेका छन् । जिल्लामा नेकमा एमाले, नेपाली कांग्रेस, राजमो, माओवादी केन्द्र मुख्य राजनीति शक्ति हुन् । यी दलहरुबिच चुनावी गठबन्धन कसरी हुन्छ भन्ने कारणले गर्दा दलहरुले अन्तिम उम्मेदवारहको नाम सार्वजनिक गर्न सकेका छैनन्। गत स्थानीय तहको निर्वाचनमा ९ वटा स्थानीय तह मध्ये नेकपा एमाले तीन, नेपाली कांग्रेस तीन, राजमोले २ र माओबादी केन्द्रले १ स्थानीय तहमा प्रमुख पदमा जितहात पारेका थिए । ६४ वडामध्ये नेकपा एमालेले सबै भन्दा धेरै २४ वडामा जित हात पारेको थियो। पहिले भन्दा थप स्थानीय तहहरुमा नेतृत्व र वडाहरुमा वडाध्यक्ष पदको जित हात पार्नुपर्छ भनेर दलहरुले निर्वाचन केन्दित अभियान अगाडी बढाएका छन् । मतदातालाई पार्टीमा प्रवेश गराउने पार्टीहरुमा होडनै चलनेको छ । नेतादेखि कार्यकर्ताहरुले चलाउने सामाजिक सञ्चाल पार्टी प्रवेशका तस्बिरहरुले भरिएका छन् ।

सरुमारानी गाउँपाकिला अध्यक्ष झगबहादुर विश्वकर्माले पार्टीले जिम्मेवारी दिए पुनःजनताको सेवा गर्ने सक्ने बताए । 'उम्मेदवार कस्लाई बनाउने भन्ने मुख्य कुरा संगठनको हो,' उनले भने, 'पार्टीले जिम्मेवारी दिइए निश्चय नै पूरा गर्नपर्छ ।' नेकपा एमालेका जिल्ला उपाध्यक्ष समेत रहेको विश्वकर्मालाई सरुमारानी क्षेत्रका एमाले कार्यकर्ताले पुनःअध्यक्षयमै दोहोऱ्याउनु पर्ने बताउँदै आएका छन् । माण्डवी गाउँपालिकामा पनि पुनः श्रीधर रोका नै उम्मेवार बन्न सक्ने एमाले स्रोत बताउँछ । यस्तै झिमरुक गाउँपालिकामा राजमोले गाउँपालिका अध्यक्ष तिलक जीसीलाइ नै उम्मेवार बनाउन सक्ने राजमोमा चर्चा छ। गौमुखीमा पुनः विष्णुकुमार गिरीनै उम्मेदवार बन्ने कांग्रेस स्रोतको दावि छ।

जिल्ला सदरमुकाम रहेको मल्लरानी गाउँपालिकामा नेकपा एमालेले पालिका कमिटि अध्यक्ष शुनिल शाही लेकाली, पशुपति नकर्मी, दिनेश केसी मध्ये एक जनलाई अध्यक्षमा उठाउने एमाले कार्यक्रता बताउँछन् । मल्लरानीमा नेपाली काग्रेसले रमेश श्रेष्ठ, बिजय, श्रेष्ठ मध्य एक जनालाई अध्यक्षमा उठाउने गरि तयारी थालेको मल्लरानी कांग्रेस स्रोतले बतायो ।

गौमुखी गाउँपालिकामा एमालेले जुमान सिङ जीसी, टुक बहादुर केसी, ज्ञानुमाया केसी मध्य एक जना, राजमोले विदुर मल्ल, ज्ञानुराम न्यौपाने मध्य एक, माओबादी केन्द्रले महाबिर राना, मानबहादुर थापा मध्ये एकजनाको चर्चा छ । स्वर्गद्वारी नगरपालिकामा नेपाली कांग्रेसले यस अघि मेयरमा उठाएको टेकप्रसाद भण्डारीलाइनै पुनःमेयर पदमा उठाउन सक्ने कांग्रेस स्रोतको बताउँछ।

**रेडियो झुलेनी**
१०४.७ मेगाहर्ज
समाचार, सूचना, विचार र विज्ञापन प्रशारनका लागि हामिलाई सम्पर्क
०८६-५९०४३६
Email :
jhulenipyuthan@gmail.com
www.jhulenipost.com

**झुलेनी पोष्ट** साप्ताहिक
समाचार, सूचना, विचार र विज्ञापन प्रकाशनका लागि हामिलाई सम्पर्क
०८६-५९०४३६
Email :
jhulenipyuthan@gmail.com

**नगरवासिलाई अनुरोध**
लैंङ्गिक हिंसाको विरोध गरौं । ज्येष्ठ नागरिक, एकल महिला एवम् अपाङ्गता भएका व्यक्तिहरुको लागि वितरण गरीने सामाजिक सुरक्षा भत्ता र अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरुपयोगमा खवरदारी गरौं । वातावरणमैत्री नगरपालिका बनाउन प्रतिवद्ध वनौं । विकास निर्माणका काममा जनसहभागिता जुटाऔं । छोरा र छोरीमा भेदभाव नगरौं । बाल विवाह न्युनीकरणका लागि अभियान चलाऔं । नगरपालिकाबाट इजाजत लिएर मात्र घर निर्माण तथा ब्यवसाय सञ्चालन गरौं ।
अनुरोधक
प्यूठान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, बिजुवार प्यूठान

प्यू.जि.प्र.का.द.नं. : ११/०७०/०७१
जि.हु.का.द.नं. : ९/०७२/०७३

झुलेनी युनाईटेड नेटवर्क प्रा.लि. प्यूठानद्वारा प्रकाशित समाचारमूलक पत्रिका
झुलेनी पोष्ट साप्ताहिक

# अपाङ्गता भएका व्यक्तिले यातायातमा छुट पाउने : प्रजिअ

झुलेनी पोष्ट
प्यूठान

अपाङ्गता भएका व्यक्तिले कानुन बमोजिम यातायातमा छुट पाउने भएका छन् । शुक्रबार जिल्ला प्रशासन कार्यालय प्यूठानमा प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा बसेको सरोकारवाला संगको सयुक्त बैठकले उक्त निर्णय गरेको हो ।

अपाङ्गता भएका व्यक्तिका लागि सहुलियत तथा छुटको व्यवस्था भए पनि कार्यन्वयन हुन नसकेको अपाङ्गता भएका व्यक्तिले गुनासो गरेका गर्दै आएका छन् । साथै यातायातका क्रममा बोली व्यवहारमा दुर्व्यवहार गर्ने, गाडी नरोक्ने जस्ता समस्या हुँदै आएकोमा आगामी दिनमा नम्र तथा सहज व्यबहार गर्न गराउन सहजीकरण गरिने यातायात व्यावसायी संघका पदाधिकारी हरुले प्रतिबद्धता व्यक्त गरेका छन । प्यूठान जिल्लामा स्वर्गद्वरी यातायात प्रा.लि र नमस्ते यातायात प्रा. लि का पदाधिकारी, राष्ट्रिय अपाङ्ग सेवा संघ प्यूठानका पदाधिकारी तथा प्रतिनिधि,




जिल्ला प्रहरी कार्यालय प्रमुख लगाएतको सहभागीता रहेको थियो ।

जिल्लाभर अपाङ्गता भएका व्यक्तिले यातायातमा छुट नपाएको, यातायातमा पहुँच पुग्न नसकेको चौतर्फी गुनासो आएकोले सम्बन्धित निकायको ध्यानाकर्षण गराइएको राष्ट्रिय अपाङ्ग सेवा संघ प्युठानका अध्यक्ष जुमान सिंह के.सी.ले बताए । उनले अबका दिनमा अपाङ्गता भएका व्यक्तिले परिचयपत्रका आधारमा सुविधा लिन सकिने र यातायातमा ५०% छुट कार्यान्वयन हुनेमा विश्वस्त भएको बताए । प्रमुख जिल्ला अधिकारी खिमराज भुसालले अपाङ्गता भएका व्यक्तिलाई यातायातमा अवरोध तथा सहुलियत नपाएको गुनासो आएमा सुविधा नदिने यातायातलाई कानुनबमोजिम कारबाही गरिने बताए। साथै अपाङ्गताको सवालमा सबै गम्भीर बन्न पनि आग्रह समेत गरेका थिए । अबका दिन देखि लामो तथा छोटोदुरीमा चल्ने यातायातका साधनले अपाङ्गता अधिकार ऐन तथा नियमावलीमा व्यवस्था भए बमोजिम अपाङ्गता छुट दिने र अपाङ्गता सिटको आरक्षण गरि अनिवार्य लागू गर्ने सहमति गरिएको साहाएक प्रमुख जिल्ला अधिकारी मेघराज शोनीले बताए ।

# क्रिष्टल र बुटिक सम्बन्धी तालिम संयूक्त रुपमा समापन

झुलेनी पोष्ट
प्यूठान

गरिबी निवारणका लागि लघु उद्यम कार्यक्रम अन्तर्गत ७ दिने क्रिष्टल सम्बन्धी सिप विकास तालिम र ३० दिने बुटिक सम्बन्धी सिप विकास तालिम शुक्रबार नौबहीनी गाउपालिका वडा नं. ५ का वडाध्यक्ष अन बहादुर घर्ती मगरको अध्यक्षतामा सम्पन्न भएको छ । नौबहीनी गाउँपालिकाको आयोजना र उद्योग वन वातावरण तथा पर्यटन मन्त्रालय लुम्बिनी प्रदेशको आर्थिक सहयोगमा कार्यक्रम सम्पन्न भएको हो । "समृद्ध नेपाल सुखी नेपाली एक घर, एक उद्यमी" भन्ने मुल नारालाई आत्मसाथ गर्दै कार्यक्रमको



आयोजना गरिएको थियो । क्रिष्टल कार्यक्रममा १० जना र बुटिक तर्फ ६ जना सहभागी रहेका थिए । सिप सिकेसँगै महिलाहरु आफैमा आत्मनिर्भर बन्ने अपेक्षा लिइएको क्रिष्टल कार्यक्रमका प्रशिक्षक सुजता थापा क्षेत्री बताइन । शुक्रबार एकै दिन दुई कार्यक्रमको समापन गर्दै वडाध्यक्ष अन बहादुर घर्ती मगरले महिलाहरुलाई स्थानिय स्तरमा स्वरोजगार बनाउँने उद्देश्यले तालिमको आयोजना गरिएको र स्थानिय सरकारले आगामी वर्षहरुमा पनि यस्ता कार्यक्रमलाई निरन्तरता दिने बताए । बुटिक कार्यक्रममा प्रशिक्षण बसन्ता खड्काले दिएकी थिइन ।

# नेपाल रेडक्रस सोसाईटी बिजुवार उपशाखाको सभापतिमा लोकमणी भण्डारी

झुलेनी पोष्ट
प्यूठान

नेपाल रेडक्रस सोसाइटी बिजुवार उपशाखाको १७ औं अधिवेशनले लोकमणी भण्डारीलाई सभापति चयन गर्दै नयाँ नेतृत्व चयन गरेको छ । शुक्रबार बिजुवार स्थित कालिका विकास केन्द्रको सभाहलमा भएको अधिवेशनले सभापति सहित ११ सदस्य नयाँ समिति सर्वसहमत रुपमा निर्वाचित गरेको हो । जसको उपसभापति राधादेवि केसी, सचिब निरज सुबेदी, कोषाध्यक्ष प्रदिप कर्मचार्य, उप सचिब मोहन सुबेदी, उप कोषाध्यक्ष



पुरुषोतम रिजाल, महिला सदस्य सरस्वती श्रेष्ठ, सदस्यहरु राजकुमारी श्रेष्ठ, केशव पाण्डे, शुशिल कर्मचार्य र खिमप्रसाद पार्धे रहेका छन् । साथै अधिवेशनको अवसर पारेर जिल्ला अस्पताल लाइन आफ्नै जग्गामा बिजुवारमा आपेनिर्मत उपशाखाको भवन निर्माण गर्नमा आर्थिक सहयोग गर्ने १सय४७ जनालाई सम्मान गरिएको नव निर्वाचित सभापति लोकमणी भण्डारीले जानकारी दिए ।

# माण्डवीले बनायो स्थानीय पाठ्यक्रम

झुलेनी पोष्ट
प्यूठान

माण्डवी गाउँपालिकाले स्थानीय पाठ्यक्रम निर्माण गर्न थालेको छ । 'हाम्रो माण्डवी हाम्रो गौरब' भन्ने मुख्य नारा बनाएर स्थानीय पाठ्यक्रम बनाउन लागेको गाउँपालिकाले जनाएको छ । जिल्लामा स्थानीय पाठ्यक्रम निर्माण गरेर पठनपाठन गराउने माण्डवी गाउँपालिका पहिलो पालिका बन्दै छ । आधारभूत तह कक्षा १ देखि ८ सम्मको स्थानीय पाठ्यक्रम तयार गर्न थालिएको माण्डवी गाउँपालिका स्थित शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख तुल्सी कार्कीले बताइन । पाठ्यक्रममा समेटिएको विषय क्षेत्र र मुख्य-मुख्य थिमबारे विहीबार गाउँपालिकाले सरोकारवालाहरुसंग अन्तरक्रिया कार्यक्रम गरेर जानकारी गराएको थियो । अन्तरक्रिया कार्यक्रमबाट आएका सुझाबहरुलाई समेटिएर केहि दिनमै पालिकाको आफ्नै पाठ्यक्रम तयारगरि आगामी शैक्षिक सत्रदेखि कार्यन्वयन गरिने गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत शिशिर रिजालले जानकारी दिए । पाठ्यक्रम लागु भएपछि पालिका भित्रका विद्यार्थी पालिकाको भौगोलिक क्षेत्र, स्थानीय सस्कृती, परम्परा नहनसहन, इतिहास लगायतक कुराहरु विद्यार्थीले बुझ्न, जान्न र सिक्न पाउने रिजालले बताए । पालिकाले तयार पार्दै गरेको पाठ्यक्रममा माण्डवीको पहिचान, हाम्रो संस्कृती इतिहास, पर्यटन, जीवन उपयोगीसिप, मूल्य शिक्षा, स्थानीय पेसा व्यवसाय, प्रविधि, हाम्रो वातावरण, दुर्घटना तथा विपद् व्यबस्थापन, हाम्रो व्यक्तित्व, असल बानी व्यवहार र सामाजिक संघ सस्थाहरु मुख्य क्षेत्रहरु समेटिएका छन् । यी विषय र क्षेत्रहरु माथि अन्तरक्रियमा सहभागिहरुबाट तीन वटा समूह बनाएर सुझाव संकलन गरेको तुल्सी कार्कीले बताइन् । कार्की अनुसार माण्डवीमा अर्को वर्षको शैक्षिक सत्रदेखि स्थानीय पठ्यक्रमको पुस्तनै विद्यार्थीको हातहातमा पुग्ने छ ।

## गाउँमै बित्यो..

उनले भने,'यसले परिवारमै सन्तुष्टी दिएको छ ।'

हिजो आज बाख्रा पालननै रानाभाट परिवारको मुख्य आर्थिक स्रोत बनेको छ । परिवारसँगै गाउँघरमै जिन्दगी बिताउने उदेश्य राखेका उनी आजसम्म देश छोडेर प्रदेश कहिल्यै नगएको उनी बताउँछन । २० वर्ष भन्दा बढी उनले गाउँघरमै घर निर्माण गर्ने ज्यामीको काम गरे । दैनिक ज्यालादारीमा काम गरेर जिविकोपार्जन गर्दै आएका उनका हिजोआज दिन चर्या बाख्राको स्याहारमा बित्ने गरेको छ । बाख्रा पालन गर्ने काममा उनलाई परिवारले पनि साथ दिँदै आएका छन् । 'बाख्रा पालनको लागि चरण क्षेत्र राम्रो छैन ,'उनले भने,' हिउँदमा सुख्खा घाँस खुवाएर पाल्नु पर्छ ।'

# छोटकरी

## खलंगामा वन डिभिजन कार्यालयको उद्घाटन

झुलेनी पोष्ट
प्यूठान

मल्लरानी गाउँपालिका ४ खलंगामा निर्माण गरिएको डिभिजन वन कार्यालय प्यूठानको नब निर्मित भवनको उद्घाटन गरिएको छ । लुम्बिनी प्रदेशका वन वातावरण तथा भूसंक्षण मन्त्री सुरेन्द्र बहादुर हमालले भवनको उद्घाटन गरेका हुन् । भवनको उद्घाटन गर्दै मन्त्री हमालले भवन निर्माणसगैँ काम गर्ने कर्मचारी र सेवा लिने सेवाग्राहीलाई सेवा लिन, दिन थप सहजता मिल्ने बताए । कार्यालयबाट दिईने हरेक सेवा सुविधा सहज तरिकाले प्रदान गर्न मातमहतका कर्मचारीलाइ हमालले निर्देशन समेत दिएका थिए ।

वनजन्य जडीबुटीहरुको उत्पादनलाई प्राथामिकता दिएर वनलाई सम्बर्द्धन र संरक्षण गर्नुपर्ने कुरामा कार्यालयको ध्यान पुग्नुपर्ने उनको भनाइ थियो । जथाभावी हुने वन फडानी,वनमा आगो लाग्न नदिन, वन संरक्षण गर्नु कार्यालयको मात्र जिम्मेवारी नभई यसमा स्थानीय बासीहरुको पनि उलेख्य भुमिका र हनुपर्ने उनले बताए । उद्घाटन कार्यक्रमको अवसर पारेर कार्यालय परिसरमा वृक्षारोपण समेत गरिएको थियो ।

भवन उद्घाटन कार्यक्रमाम प्यूठान जिल्लाका प्रमुख जिल्ला अधिकारी खिमराज भुसाल, गौमुखी गाउँपालिकाका अध्यक्ष विष्णुकुमार गिरी, नौवहीनी गाउँपालिका अध्यक्ष शिव रिजाल, जिल्लाका विभिन्न संघ संस्थाका प्रमुख तथा प्रतिनिधी,सामुदायिक वन उपभोक्ता समुहका प्रतिनिधी, स्थानीय अगुवा सहित स्थानीयवासीको कार्यक्रमा सहभागिता रहेको थियो ।

## प्यूठानमा १५ दल दर्ता

झुलेनी पोष्ट
प्यूठान

आगामी वैशाख ३० गते हुने स्थानीय तह निर्वाचनका लागि प्यूठानमा १५ दल दर्ता भएका छन् । जिल्ला निर्वाचन कार्यालय प्यूठानका अनुसार आयोगले दलहरुलाई आफ्नै निर्वाचन चिन्हका लागि यही चैत ४ गतेदेखी ६ गतेसम्म आवेदन दिन समय दिएको थियो ।

आयोगले तोकेको समयमा जिल्लामा रहेका १५ दलले आफ्नै निर्वाचन चिन्हका लागि विवरण बुझाएको निर्वाचन कार्यालयले जनाएको छ । कार्यालयका अनुसार नेकपा एमाले, नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, एकीकृत समाजवादी, जनता समाजवादी, लोकतान्त्रिक समाजबादी, राष्ट्रीय प्रजातन्त्र पार्टी नेपाल, राष्ट्रीय जनमोर्चा, विवेकशील साँझा, मंगोल इन्टरनेशनल, नेपाली कांग्रेस वीपी लगायत १५ दल दर्ता भएको जिल्ला निर्वाचन कार्यलय प्यूठानका अधिकारी राजन श्रीवास्तवले जानकारी दिए ।

## ज्योती लाईफ इन्स्यूरेन्सद्वारा मृत्यू दावी भुक्तानी

झुलेनी पोष्ट
प्यूठान

ज्योती लाईफ इन्स्युरेन्स कम्पनी लिमिटेडले मृत्यु दाबी भुक्तानी वापतको रकम हस्तान्तरण गरेको छ । प्यूठान नौबहिनी गाउँपालिका ८ लुप्लुङ्का विमित मदान भण्डारीको गत पुस ९ गते कोहोल्पुरबाट प्यूठान फर्किने क्रममा मोटरसाइकल दुर्घटनामा मृत्यु भएको थियो । मृतक भण्डारीका परिवारलाई कम्पनीको निमय अनुसार भुक्तान गर्नुपर्ने जम्मा रकम रु २० लाख १८ हजार को चेक हस्तान्तरण गरेको मृतकका दाजु बिनोद भण्डारीले बताए ।

शनिबार ज्योती लाईफ इन्स्यूरेन्स कम्पनी लिमिटेड बाग्दुला प्यूठान शाखाका प्रमुख धर्मराज अधिकारी ,सोही कम्पनी बागदुला शाखामा कार्यरत कृष्ण खनाल, नौबहिनी गाउँ कार्यपालिका सदस्य तारा बि.क, लुप्लुङ्ग माद्यामीक विद्यालयका प्राधानाध्यापक बसन्त प्रसाद भण्डारी लगाएतले मृतक मदन भण्डारीको घरमै पुगेर दाजु विनोद भण्डारी र स्थानियको उपस्थितीमा एक कार्यक्रमका बिच चेक हस्तान्तरण गरेको हो ।

मृतक मदन भण्डारीले २०७८ साल भदौ २ गते १० लाखको ज्योती सुरक्षित बचत जीवन विमा गरेका थिए । भण्डारीका परिवारले माघ १० गते ज्योती लाईफ इन्स्यूरेन्स कम्पनी बागदुला शाखामा निवेदन दिएका थिए । सोही अनुसार मृतकका परिवारलाई मृत्यु दाबी भुक्तानी दिइएको शाखा प्रमुख धर्मराज अधिकारीले बताए ।

## विश्व क्षयरोग दिवस गोठिबाङमा मनाइयो

झुलेनी पोष्ट
प्यूठान

विश्व क्षयरोग दिवस प्यूठानमा विभिन्न कार्यक्रम गरी मनाईएको छ । ' क्षयरोग अन्त्यका लागि लगानी बढाऔं, जिवन बचाऔं' भन्ने मुल नारा सहित दिवस मनाईएको हो । स्वास्थ्य कार्यलय प्यूठानको आयोजना बिएनएमटी, किड्स नेपालको सहयोगमा स्वर्गद्धरी नगरपालिका ४ गोठीबाङ स्थित विद्यानन्द मावी जुडापाटामा बिहीबार क्षयरोग सम्बन्धी सचेतनामूलक कार्यक्रम गर्दै दिवस मनाइएको हो । कार्यक्रमा स्वास्थ्य स्वयंसेविका, विभिन्न आमा समूह र स्थानियहरु सहभागि थिए । 'खक्क खोकी, क्षयरोग पो होकी ? भन्ने कुरालाई आम नागरीकलाइ बुझाउनुपर्ने कार्यक्रमा सहभागिहरुले बताएका छन् । लामोसमय सम्म खोकी लागेमा तुरुन्त स्वास्थ्य संस्थामा गई आफ्नो क्षयरोग जाँच गर्न स्वास्थ्य कार्यालय प्यूठान प्रयोगशाला विभागका परशुराम पोखेलले आग्रह गरेका थिए । जिल्लामा अहिले क्षयरोगका बिरामीहरु पत्ता लगाउन बिएनएमटि र किड्स नेपालले काम गर्दै आएका छन् । प्यूठानमा चालु आर्थिक वर्षमा २ सय ४० जना नयाँ क्षयरोगका बिरामीहरु थपिएको स्वास्थ्य कार्यलय प्यूठानले जनाएको छ ।

# पाइल्स नहुन पनि सक्छ

चार वर्षदेखि दिसामा रगत जाने समस्याले एक अधवैंसे महिला मकहाँ परामर्शको लागि प्यूठान अस्पतालमा आउँदा मैले जानेको कुरा, "मानिसको पाइल्स सम्बधी ठूलो भ्रम रहेछ"। उहाँजस्ता कैयौं बिरामीहरुमा पाइल्स सम्बन्धी भ्रम भएको महसूस गरेर यो कुरा प्रष्ट पार्न कलम चलाउन मनलायो। आम मानिसमा मलद्वार र वरिपरि केहि समस्या भएमा पाइल्स होला भन्ने शंका हुन्छ। पाइल्स भन्ने शब्द सबैले सुनेको हुनाले हुनसक्छ यसले यति धेरै चर्चा पाएको। हुन त पाइल्सको समस्या जनमानसमा अधिक नै छ तर सबै मलद्वारका समस्या पाइल्स भने होइनन्।


**के हो त पाइल्स ?**


मलद्वार भन्दा केहि सेन्टिमीटर भित्र रगतका नलिहरु गुजुल्टा बनेर बसेका हुन्छन्। यी सबैमा हुने गर्दछन र यिनको काम भनेको दिसा गर्ने प्रक्रियामा सहयोग पुर्याउनु हो। तर कब्जियत धेरै हुने बिरामीहरुमा भने यिनै रगतका गुजुल्टाहरु बढ्न थाल्छन र बिस्तारै मलद्वारबाट बाहिर निस्कन थाल्छन ।

सारो दिसा हुने, गोटा पर्ने, कब्जियत हुने समस्याको कारणले फुलेका रगतका नालीमा बल पर्छ र रगत निस्कन्छ । यस्तो रगत दिसा गरेपछि ट्वाइलेटको प्यानमा आलो रगतको रूपमा देखा पर्छ र रगत गएता पनि दुखाई भने हुँदैन। तसर्थ, मलद्वारबाट रगत आउनु वा मासु बाहर निस्कनु पाइल्स रोगको लक्षण हो।

तर सबै रगत आउने समस्या पाइल्स होइनन । विशेषगरी, महिलाहरुमा मलद्वारबाट रगत आउनु "फिसर" भन्ने रोगको लक्ष्यण हुनसक्छ। सारो दिसा हुने, दिसामै टासिएर रगत आउने, दिसा गर्दा दुखाई हुने समस्या फिसरको कारणले हुनसक्छ । फिसर भन्नाले मलद्वारको पछाडिको भागमा चिरा परेर घाउ हुनुलाई बुझिन्छ । यो रोगलाई पाइल्स भनेर महिनौ वा वर्ष देखी दुःख पाईरहनु भएका बिरामीहरु हुनुहुन्छ। रोगको उचित पहिचान गर्नसके अपरेशन नै गर्न नपरी निको हुन्छ।

यस्तै, मलद्वार वरिपरि पिलो आउने समस्याले पनि दुखाई हुनसक्छ । पिलो हुँदा दुखाईको साथै ज्वरो आउने पनि हुनसक्छ। यसैगरी, पहिले पिलो भएको छ भने फिस्टुला भन्ने रोग हुने संभावना बढी हुन्छ। फिस्टुला हुँदा सानो फोका हुने र फोकाबाट बेलाबेलामा पानी वा पिप छुट्ने हुन्छ। यी सबै रोगको पहिचान चाँढै गर्न सकिएमा सहज ढङ्गले उपचार गर्न सकिन्छ। वृद्ध अवस्थामा पाइल्सको लक्षण देखिनु ठूलो आंद्राको क्यान्सरको संकेत पनि हुनसक्छ। परिवारमा कसैलाई पेट वा आंद्राको क्यान्सर भएको छ भने यसको सम्भावना ज्यादा हुन्छ।






**डा. युगल ज्योती नेपाल**

तसर्थ, मलद्वार र वरिपरिको रोग पाइल्स नहुन पनि सक्ने भएकाले हेल्चक्राइ नगरी डाक्टरसँग परामर्श लिनुपर्दछ।

**जनरल सर्जन डा. नेपाल प्यूठान अस्पतालमा कार्यरत छन ।**


# मस्तिष्क मृत्युपछिको अंगदान- महादान

मानव शरीरमा एक जोडी सिमि आकारका मिर्गौला रहेका हुन्छन् । मिर्गौलाले शरीरमा जम्मा भएका विषाक्त पदार्थलाई बाहिर निकाल्नेदेखि पानीको मात्रालाई सन्तुलन गर्ने काम गर्दछ। विश्वमा नसर्ने रोगको जटिलता दिन प्रतिदिन बढ्दै गइरहेको छ । हाम्रो देशको कानुनले मिर्गौला फेल भएका बिरामीलाई तीन तरिकाले लिन/दिन सक्ने व्यवस्था गरेको छ। पहिलो नियममा आफ्नो नजिकका ५२ जना नातेदार, दोस्रो नियममा दुवै तर्फबाट लिन/दिन नमिल्ने अवस्थामा आपसी साटासाट गर्न सकिन्छ। तेस्रोमा मस्तिष्क मृत्युबाट दानमा आएका मिर्गौलाबाट अंगदान गर्न सकिन्छ।



विभिन्न कारणबाट बिरामीको मस्तिष्क मृत्यु भइरहेको हुन्छ। मस्तिष्क मृत्यु भनेको मस्तिष्कमा अप्रत्यावर्तनीय अवस्था, स्नायु अनुसन्धानबाट बेहोसको अवस्था प्रमाणित भएको अवस्था, बिरामीलाई बेहोस बनाउने औषधिको असर नरहेको, मांशपेसी लठ्ठ पार्ने औषधिको प्रमाण नभएको, अम्ल क्षारको समस्या नभएको, शरीरको न्युनतम तापक्रम ३५ डिग्री भन्दा कम नभएको, रक्तचाप सामान्य रहेको र प्राकृतिक रुपमा श्वासप्रश्वास नभएको आदि तथ्य तथा स्नायु विश्लेषणको माध्यमबाट मात्र पुष्टि गर्न सकिन्छ। परिवारको स्विकृती बिना यस्तो अवस्थामा मिर्गौला लिन/दिन मिल्दैन। मस्तिष्क मृत्यु भइसकेपछि कृतिम श्वासप्रश्वासको माध्यमबाटबाहेक अन्य प्राकृतिक रुपमा मानिसको जीवन रहन सक्दैन। आखिर जलेर खरानी भएर जाने अंग नै हुन्। कसैको जीवनलाई बचाएर आफ्नो अंग जिवन्त बनाउने एक माध्यम हो मस्तिष्क मृत्युपछिको अंगदान।

जीवित रहँदा मस्तिष्क मृत्युपछिको अंगदानका लागि घोषणा गरेको र मञ्जुरीनामामा हस्ताक्षर नै गरेको भएपनि भवितब्य परेर दिन मिल्ने भएपनि परिवारको स्विकृती बिना यस्तो अंगदानले खासै मान्यता पाउँदैन । हाम्रो जस्तो देश जहाँ पौराणीक मुल्य मान्यताहरु, मृत्युपछिको जीवनको विश्वास अनि अन्य कुराहरुले पनि आफ्नै स्थान ओगटेको छ । हामीमा अंगदान गर्दा अर्को जुनिमा समस्या पर्ला भन्ने गलत धारणा छ आफ्नो मूल्य मान्यतामा विश्वास राख्नुपर्दछ तर मृत्युपछिको नदेखेको जीवनको लोभमा यहि जुनिमा गर्न सकिने पुण्य गर्न सके धेरै मिर्गौला तथा कलेजो पिडितले राहत पाउने थिए। आफ्नो भौतिक शरीरले काम गर्न नसक्ने तर अरुको शरीरमा आफ्नो अंगले काम गर्न सक्छ भने हामी यो काम गर्न किन पछि हट्ने। व्यक्ति, संस्था भन्दा माथि उठेर सम्पुर्ण सरोकारवाला निकायले हातेमालो गर्न सके सयौं बिरामीहरु यसबाट बच्न सक्ने थिए। फूल फुल्छ झर्छ, फुल्ने र झर्ने क्रम चलिरहन्छ। मानव जीवन पनि यस्तै हो । जन्म मृत्युको प्राकृतिक नियममा हामी बाँधिनुनै पर्छ ढिलो चाँडोको कुरा मात्रै हो । त्यसैले आफू मरेर गएपनि आफ्ना अंग कसैको शरीरमा पुर्णरुपमा कार्य गर्ने बनाएर हामी अमर बनौं । मस्तिष्क मृत्युपछिको अंगदानलाई सबै मिलेर अभियानको रुपमा अगाडि लैजाऔं। आफू मरेर गएपनि आफ्ना अंगले अरुलाई बचाऔं। यो भन्दा ठूलो धर्म अरु केहि पनि छैन। आफ्नो मान्छेको मस्तिष्क मृत्यु हुँदाको क्षण अवश्यनै पिडादायक छ तर फर्केर नआउने जीवनमा अंगदानबाट अरुलाई बचाएर आफ्नो मान्छेलाई जिवन्त राख्ने अवसर पनि त हो। त्यसैले मस्तिष्क मृत्युपछिको अंगदान महादान हो । सबै मिलेर यस पुण्य कार्यलाई अगाडि बढाऔं।



**अर्चना बगाले**

**(बगाले शहीद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रकी ट्रान्सप्लान्ट कोअर्डिनेटर हुन्।)**

# बारको निर्वाचन..

एक्लै लड्दो हो त गणतान्त्रिक पेसागत कानुन व्यवसायी समूहले पनि महिलालाई यो हैसियतमा उम्मेदवार बनाउँथ्यो भन्नेमा शंकै छ। स्वतन्त्र कानुन व्यवसायीको समूहबाट १ महिलाको मात्र उम्मेदवारी महिला उपाध्यक्षमा परेको छ।

जे होस्, जुनसुकै कारण, सर्त र स्वार्थमा भए पनि एउटा प्यानलभित्र महासचिवको उम्मेदवारका रूपमा महिलाको उपस्थिति मात्र पनि उपलब्धि हो अहिलेका लागि। चुनावी प्रक्रियामा जित-हार त स्वाभाविक हो। उम्मेदवारै बन्नबाट वञ्चित रहेका महिला कानुन व्यवसायीहरू जित-हारको स्वाभाविक प्रक्रियाबाट समेत वञ्चित भइरहेका छन्। प्रत्येक प्यानलबाट ३३ प्रतिशत महिला कानुन व्यवसायीको उम्मेदवारी सुनिश्चित गर्न कानुन व्यवसायीका पेसागत संघ-संगठन अहिलेसम्म चुकिरहेका छन्। महिला प्रतिस्पर्धी भए महिला मतदाताले महिला उम्मेदवारलाई मत दिने र महिलासँग हारिने भयले पुरुष कानुन व्यवसायीलाई तर्साइरहेको छ। नेपालका राजनीतिक दल, पेसागत संघ-संगठनले नेबाएका हकमा संवैधानिक प्रावधानलाई बिर्सिएका छन्। नेबाएको विधान देखाएर सरोकारवालाहरू पन्छिँदै आइरहेका छन्। विधान संविधानको प्रावधानअनुरूप परिवर्तन गर्न नेबाएलाई अझै कति समय लाग्ने हो ? संविधान जारी भएको साढे ६ वर्षसम्म नेबाए, बार काउन्सिल, पेसागत संघ-संगठनको यसप्रतिको निर्लज्ज मौनताविरुद्ध बोल्न ढिलो भइसक्यो।

त्यसैले २५ सदस्यीय नेबाए केन्द्रीय कार्यसमितिको ३३ प्रतिशत (८ जना) महिलाको उम्मेदवारी प्रत्येक प्यानलबाट सुनिश्चित गरिनुपर्छ। अध्यक्ष वा महासचिवमध्ये १ जना अनिवार्य महिला रहने व्यवस्था गरिनुपर्छ। मतदाताले पत्याए चुनाव जितिने हो, नभए आफ्नो भागमा परेको हार स्वीकार गर्न महिलाहरू हिचकिचाउनेछैनन्। पुरुष सहकर्मीसँग हारिरहँदा नदुखेको पुरुष अहम् महिलासँग हार्दा घाइते भएको छ। जसरी पुरुषहरू महिलासँग हार्न डराइरहेका छन्, त्यसैगरी महिलाहरू हार्न उत्सुक छन। हार्नका लागि प्रतिस्पर्धामा उभिन जरुरी छ। प्रतिस्पर्धामा चुनावी प्यानलमा समेटिन राजनीतिले पत्याउनुपर्ने रहेछ। बेलाबेला कानुन व्यवसायीका पेसागत संघ-संगठनले राजनीतिक दलसँगको निकटता अस्वीकार गर्छन्। आफूहरू स्वतन्त्र पेसागत समूह रहेको दाबी उनीहरूको रहन्छ। तर नेबाएको चुनावमा जसरी हस्तक्षेपसहित उपस्थित हुन्छ राजनीति, त्यसले यी पेसागत समूहभित्रका दल हुन् भन्ने प्रस्ट पार्छ। त्यसैले राजनीतिक दलहरूको उपल्लो नेतृत्व जहिलेसम्म महिला कानुन व्यवसायीको ३३ प्रतिशत प्रतिनिधित्वका लागि तयार हुँदैन, तबसम्म यो मुद्दाले नेपाल बारमा प्रवेश पाउँदैन। अब राजनीतिले यस विषयमा बोल्नुपर्छ। निर्वाचनमा उम्मेदवारी दिनु हक हो। यो हक खोसिनु हुन्न। महिलाहरूले नजित्न सक्छन् तर उनीहरूले हार्न पाउनुपर्छ। चुनावी प्रतिस्पर्धामा सहभागी हुन पाउनुपर्छ।


**कृषि तथा पशुपालन सम्बन्धी सामान चाहिएमा हामीलाई सम्झनुहोस**

उन्नत स्थानीय र हाइब्रिड जातका तरकारी तथा अन्नवालीका बिऊ बिजन, किटनाशक तथा ढुसी नासक विषादी, कुखुरा, बङ्गुर, कालिज, टर्कि, गाई भैसी र बाख्राका दाना, गाई भैसीमा कृत्रिम गर्भाधान सेवा, गुणस्तरीय ब्रोइलर, लेयर्स, कालिज, टर्कि गिरिराज, कडकनाथ चल्ला, पशुपन्छीहरुको औषधी उपचार सेवा चाहिएमा सेवा गर्ने मौका

**किसान एग्रोभेट,**
**किसान एग्री एण्ड फिड सप्लायर्स**
**प्यूठान नपा-४, जुम्रि प्यूठान**

**सम्पर्क फोन : ९८४७८३९१४३, ९८६८६६९१८८**

नोट : हामीकहाँ २४ सै घण्टा पशु पालन सम्बन्धी प्राविधिक परामर्श सेवा उपलब्ध छ ।

# गाईपालन व्यवसाय गर्नु अगि जान्नै पर्ने केही महत्वपूर्ण जानकारी

पछिल्लो समय वैदेशिक रोजगारबाट फर्केका युवा वर्गको रोजाईमा पर्न थालेकाछन् कृषि व्यवसाय त्यस मध्ये एक रोजाईको व्यवसाय बन्न थालेको छ गाईपालन । कुनै पनि व्यवसाय गर्न अगि त्यसको बारेमा सम्पूर्ण जानकारी हुन आवस्यक छ । यसै अन्तर्गत कृषि तथा पशुपन्छी विकास मन्त्रालय, जलवायु प्रकोप समुत्थान निर्माण आयोजनाले तयार पारेको जानकारी निम्न प्रकार छन् ।

**१) नेपालमा पाईने गाईका उन्नत जातहरू के-के हुन ?**

-(क) जर्सी (ख) होलस्टेन (ग) ब्राउन सुईस (घ) रेड सिन्धी (ङ) साहीवाल (च) क्रसब्रिडजातहरु । जर्सी गाईले सरदर ४००० - ५००० लिटर दूध एक वेतमा दिन्छ। होलस्टेन गाईले एक वेतमा ६०००-१२००० लिटर दूध दिन्छ ।

**२) पहाडी क्षेत्रमा कुन जातका गाई पाल्नु राम्रो हुन्छ ?**

-(क) जर्सी (ख) जर्सीक्रस (ग) होलस्टेन क्रस गाई राम्रो हुन्छ ।

**३) कति वर्षको भएपछि बाच्छीले बहर खोज्दछ ?**

-राम्रो स्वस्थ्य भएको उन्नत जातको बाच्छीले दुई वर्ष भित्र बहर खोज्दछ ।

**४) गाई गोठ सुधारको लागि कुनै सरकारी योजना र अनुदान पाइन्छ ?**

-सेवा केन्द्रमा बुझ्न सकिन्छ । सरकारले गोठ तथा भकारो सुधार कार्यक्रम राखेको छ ।

**५) गोठ सुधारको कार्यक्र पाउन र लिन के गर्नु पर्छ ?**

-नजिकको पशु सेवा केन्द्र वा जिल्ला पशु सेवा कार्यालयबाट सो बारे जानकारी पाईन्छ ।

**६) गाईमा परजीवीबाट लाग्ने प्रमुख रोगहरू के के हुन ?**

-नाम्ले जुका, गोलो जुका, किर्ना, फित्ते जुका आदि ।

**७) नाम्ले जुका लाग्दा कस्तो लक्षण देखिन्छ ?**

-पातलो छेर्ने, च्यापुमुनि पानी जम्ने, दुब्लाउदै जाने र दानापानी कम रुचाउने ।

**८) गोबर जाच किन गराउनु पर्छ ?**

-गोवर परिक्षणबाट पाचन प्रणालीमा हुने जुकाहरु गोलो जुका, नाम्ले जुका, फित्ते जुकाके लागेको छ थाहा हुन्छ । वर्षमा २ पल्ट नियमित गोबर जांच गराउनु पर्छ ।

**९) विषाणु (ख्चगक) बाट गाईमा लाग्ने प्रमुख रोग के के हुन ?**

-(क) खोरेत एक प्रमुख रोग हो । बौलाहा कुकुरले टोकेमा रेविज रोग पनि लाग्न सकिन्छ ।

**१०) खोरेत रोगको प्रमुख लक्षण कस्तो हुन्छ ?**

-खोरेत रोग लाग्दा मुख, जिब्रो र गिजामा पानीको फोका जस्तो घाउ आउने । र्याल बगाउने, दुई खुरको बीचमा घाउ हुने, पाक्ने हुन्छ ।

**११) खोरेतको उपचार कसरी गर्ने ?**

-खोरेत लागेको गाईलाई एलमरवोरेम्स मिसाएको पानीले मुख सफा गराउने, नरम प्रकृतिको दानारघाँस दिने । भेली सख्खर मिसाएर दाना दिनु पर्छ ।

**१२) खोरेत लाग्दा सुई पनि लगाउनु पर्छ ?**

-मुखको र खुट्टाको घाउ बढ्नपाक्न नदिन एण्टिबायोटिक सुई प्राविधिकको सल्लाह अनुसार मात्रा मिलाएर लगाउनु पर्छ ।

**१३) खोरेतको खोप हुन्छ वा हुन्न ?**

-खोरेतको खोप पाईन्छ । सल्लाह गरेर वर्षमा दुई पल्ट लगाउनु पर्छ ।

**१४) नाम्ले जुका परेकोमा के औषधि दिनु पर्छ ?**

-नाम्लेको उपचार गर्न भोलरट्यावलेट औषधी प्राविधिकको सल्लाहमा दिनु पर्छ ।

**१५) नाम्लेको कुनै झोल औषधीको नाम दिनु मिल्छ ?**

-बजारमा धेरै थरीको औषधी पाईन्छ । जेनिल निलजान भन्ने औषधी लाभदायक हुन्छ ।

**१६) नाम्लेको उपचार गर्न सुई पनि लागाउनु हुन्छ ?**

-सुई लागाउन पाइन्छ जस्तै आइभर मेक्टिन, ट्रोडेम्स आदि ।

**१७) नाम्लेरमाटे रोगमा गाईलाई दिने ट्यावलेट दवाई पनि छ त ?**

-छन्, जस्तै भल्भाजेन, फयासिनेम्स, डिस्टोडिन आदि ।

**१८) एउटा दूधालु गाईको लागी नाम्ले रोग निको पार्न कुन र कति ट्यावलेट दिनु पर्छ ?**

-भल्भाजेन वा फ्यासिनेम्स ट्यावलेट शारिरीक वजन अनुसार २ देखि ४ टयावलेट दिनु पर्छ ।

**१९) गाईलाई गोलो जुका परेमा कस्तो औषधी दिने ?**

-एल्वोन्डाजोल बोलस २-४ खान दिने ।

**२०) गाईपालन गर्दा आन्तरिक परजीवीबाट लाग्न सक्ने प्रमुख रोगहरू के के हुन ?**

-आन्तरिक परजीवी भन्नाले पाचन प्रणालीमा लाग्ने गोलो जुका, फित्ते जुका, नाम्ले जुका भन्ने बुझिन्छ ।

**२१) आन्तरिक परजीवीबाट नोक्सान घटाउन के गर्नु पर्ला ?**

-प्रत्येक ६र६ महिनामा आन्तरिक परजीवी विरुद्ध ठुला साना सवै जनावरलाई (ब्रोड स्पेकट्रम एन्थलभेटिकन्च) जुकाको विरुद्ध औषधि खुवाउनु पर्छ ।

**२२) विषाणु वा जीवाणुबाट गाई गोठलाई सुरक्षित राख्न के गर्नु पर्ला ?**

-गाई गोठ प्रवेश गर्ने मुल ढोका साथै गोठमा फिनेल वा चुना नियमित छर्ने गर्दा वायो सेकुरिटीको हिसाबले सुरक्षित हुन्छ ।

**२३) गाईहरूमा लाग्ने जीवाणुबाट हुने प्रमुख रोगहरू के के हुन ?**

-जीवाणुबाट धेरै रोग लाग्दछ । प्रमुख रोगहरुमा भ्यागुते, पट्के, टि.वी., चरचरे, धनुषटंकार आदि हुन ।

**२४) टि.वी. लागेको गाईको दूध मानिसले खानु हुन्छ ?**

-टि.वी. लागेको गाईको दूध राम्रोसंग उमालेर खादा नोक्सानी हुँदैन ।

**२५) टि.वी.रोग लागेको गाईको उपचार हुन्छ ?**

-टि.वी. को उपचार गर्न सकिन्छ तर लामो समय लाग्ने र मानिसमा पनि सर्ने खतरा हुने हुँदा त्यस्तो गाईलाई गोठबाट हटाउनु राम्रो हुन्छ ।

**२६) भ्यागुते रोग लागेको लक्षण कस्तो हुन्छ ?**

-एक्कासी ज्वरो आउने, साँस फेर्न गाह्रो हुने, र्यालन बगाउने, घ्यार घ्यार गर्ने, घाँटी सुन्निने, छटपट गर्ने ।

**२७) भ्यागुतेको उपचार कसरी गर्ने ?**

-तुरुन्त पशु सेवा प्राविधिकसँग सल्लाह लिई उपचार गराउने। सल्फा समूहको सुई वा टेट्रासाइक्लिन सुई लगाउने । विरामी पशुलाई अन्यबाट छुट्टै राख्ने ।

**२८) भ्यागुते रोग लाग्न नदिन के गर्नु पर्छ ?**

-प्रत्येक ६र६ महिनामा भ्यागुते रोग विरुद्ध खोप लगाउने ।

**२९) चरचरे रोग लाग्दा गाईरगोरुमा कस्तो लक्षण देखिन्छ ?**

-धेरै ज्वरो आउने, मासु बाक्लो भएको भाग सुन्निने, छाम्दा चरचर आवाज आउने र लँगडाउने गर्दछ ।

**३०) चरचरे रोग लाग्दा के कसरी उपचार गराउने र गर्ने ?**

-पशु स्वास्थ्य प्राविधिकको सल्लाह लिने र पेनिसिलिनरस्ट्रेप्टोमाइसिन सुई मात्रा पुर्याएर लगाउने । रोकथामको लागि ६/६ महिनामा खोप लगाउने ।

**३१) गाईमा थुनेलो रोग लाग्दा कस्तो लक्षण देखिन्छ ?**

-थुनरकल्चौडा सुन्निने, रातो र तातो हुने, थुनबाट बाक्लो पिपरगत मिसिएको तरल पदार्थ आउने, गाईलाई दुखेको हुदा छन नदिने गर्छ ।

**३२) थुनेलोको उपचार कसरी आफैले गर्न सकिन्छ ?**

-बिग्रेको दूधरतरल पदार्थरपिप राम्रोसंग पूरा दुहुनेरफाचो सफा पानीले धोएर (प्राविधिकको सल्लाहमा थुन भित्र प्रयोग गरिने मलम थुनमा राख्ने, बाहिरि फांचोमा लगाउने मलम लगाउनेरएण्टीवायोटिक सुई लगाउने ।

**३३) थुनेलोको रोकथाम कसरी गर्न सकिन्छ ?**

-गोठ एवं दुहुनो गाई सफा राख्नेरदूध पुरा दुहुने र दूध दुहि सकेपछि १/२ प्रतिशत आयोडिन झोलमा थुन डुवाउने ।

**३४) गाईहरुमा साल समयमा नझर्ने हुन्छ त्यस्तो वेला के गर्नु पर्छ ?**

-ब्याएको ८-१२ घण्टासम्म साल नझरेमा त्यो अवस्थामा पशु स्वास्थ्यकर्मीको सहयोगमा औषधि खुवाउने र पनि नभएमा हात राखेर साल झिकी आवश्यक एण्टिवायोटिक औषधि दिनु पर्छ ।

**३५) गाईलाई ब्याउने व्यथा लागेर पनि ब्याउन नसक्दा के गर्ने ?**

-ब्याउने गाईलाई सफा र सजिलो ठाउँमा राख्ने र ५-६ घण्टा को व्यथा पछि पनि ब्याउन नसकेमा तुरुन्त पशु स्वास्थ्य कर्मी को सहयोग लिने ।

**३६) बिगौती दूध बाच्छारबाच्छीलाई कति दिनु पर्छ ?**

-बिगौती दूधमा रोगसंग लडने क्षमता वढाउने तत्व हुन्छ,अतः भर्खर जन्मेको बाछारबाछीलाई बिगौती दूध खाएसम्म दिनु पर्छ ।

—भाग १

**३७) एउटा दुहुनो गाईलाई कति घाँसरपराल आवश्यक पर्छ ?**

-गाईको वजन र उत्पादन क्षमता अनुसार घाँसरपरालरदाना मिलाएर दिनु पर्छ । एउटा वयस्क दूधालु गाईलाई करिब १५ के.जी. पराल, ८-१० के.जी. हरियो घाँस तथा २.५ के.जी. दाना आवश्यक पर्छ ।

**३८) उन्नत जातको कोसे घास बालीहरू के के हुन ?**

-नेपालमा प्रचलित उन्नत जातको कोसे घाँसहरुमा वर्सिम, लुसर्न, ल्कोभर, भेच, ल्यावल्याव, वोडी, सिमी, केराउ, पिनट, भटमास आदि हुन् ।

**३९) बहुवर्षे घाँसहरुमा कस्ता घास बाली पर्छन ?**

-बहुवर्षे घाँसवालीहरुमा नेपालमा प्रचलित घाँस वालीहरु हुन - नेपिएर, राईघाँस, कक्सफुट, अम्रिसो, पाराग्रास, मोलासेस, ग्वाटेमाला आदि ।

**४०) गाईको लागि सन्तुलित दाना भन्नाले के बुझिन्छ ?**

-गाईको लागि आवश्यक पर्ने तत्वहरु भिटामिन, खनिज तत्व, नुन, चिनी, गहुँको चोकर, धानको ढुटो मिलाएको दाना नै सन्तुलित दाना हो ।विभिन्न पशु दाना उत्पादन गर्ने कम्पनीहरुले गाईरभैंसीको दाना उत्पादन गर्दछन् ।सवै आवश्यक पदार्थ मिलाएर आफ्नै गोठरघरमा पनि पशु दाना तयार गर्न सकिन्छ ।

**क्रमश:...**

बाँकी अंश अर्को हप्ता....


**झुलेनी पोष्ट** साप्ताहिक

**समाचार, सूचना, विचार र विज्ञापन प्रकाशनका लागि हामिलाई सम्पर्क**

**०८६-५९०४३६**

Email : jhulenipyuthan@gmail.com



"हामी सबैको एउटै रहर, पूर्ण सरसफाई युक्त हाम्रो नगर,
पूर्ण सरसफाई युक्त हाम्रो नगर, अब छैन कसैलाई रोगको डर"

## सम्पूर्ण नगरवासीमा प्यूठान नगरपालिकाको अपिल

**फोहोर व्यवस्थापन सन्देश :**

- फोहोरलाई श्रोतमै बर्गिकरण गरी पुन: प्रयोग गरौं ।
- कुहिने फोहोरबाट कम्पोष्ट मल उत्पादन गरी कौशी खेती प्रर्बद्धन गरौं ।
- फोहोरको दिगो व्यवस्थापन गरौं, वातावरण संरक्षण गरौं ।
- नजाने फोहोर जाने मोहर
- फोहोर मैला व्यवस्थापन गरौं, जिम्मेवार नागरीक बनौं ।
- आफ्नो शहर सफा र स्वच्छ राखौं, सभ्य नागरिकको परिचय दिऔं ।
- कुहिने र नकुहिने फोहोर बर्गिकरण गरौं, २ छुट्टाछुट्टै भाँडामा संकलन गरौं ।
- हानिकारक फोहोरलाई साधारण फोहोरमा नमिसाऔं ।
- फोहोरमैला व्यवस्थापनमा अग्रसर होऔं स्थानीय निकाय सित हातेमालो गरौं ।
- पुर्ण सरसफाईमा हाम्रो प्रतिबद्धता दिगो फोहोरमैला व्यवस्थापन आजको आवश्यकता ।

**कसैले देहायको काम गरेमा कसुर गरेको मानिनेछ ।**

- नगरपालिकाले तोकिदिएको समय र स्थानबाहेक अन्यत्र फोहोरमैला निष्काशन गर्ने ।
- घर, कम्पाउण्ड तथा परिसरको फोहोरमैला सडक वा अन्य सार्वजनिक स्थानमा राख्ने, फाल्ने वा थुपार्ने ।
- फोहोरबाट निस्केको दुषित पानी (लिचेट) वा ढल चुहाई अन्य व्यक्तिको घर जग्गा प्रदुषित गराउने ।
- सडक वा अन्य सार्वजनिक स्थानमा कुनै पनि किसिमको सवारी साधन विसाउने वा बिसाई रहेको सवारी साधन हटाउन इन्कार गर्ने ।
- जन-स्वास्थ्यमा प्रतिकुल असर पर्ने गरी सडक वा सार्वजनिक स्थलमा कुनै पनि किसिमको हानिकारक फोहोरमैला राख्ने, फाल्ने, थुपार्ने वा निष्काशन गर्ने ।
- श्रोतमै फोहोरमैलाको वर्गिकरण नगरी फोहोरमैला मिसाएर निष्काशन गर्ने ।
- मरेको वा मारेको पशुपंक्षी र सोको लादी, प्वाँख, हड्डि तथा माछाको कल्ला आदी सार्वजनिक स्थल, गल्ली, चोकमा राख्ने, फाल्ने वा थुपार्ने ।
- सार्वजनिक सवारी साधनबाट यात्रा गर्ने क्रममा झ्यालबाट सार्वजनिक स्थल तथा सडकहरुमा कुनै पनि प्रकारको फोहोर जन्य पदार्थहरु जथाभावी फ्याँक्ने ।

**सजाय : माथी उल्लेखित कसुर गर्ने व्यक्तिलाई स्थानीय निकायले पहिलो पटक भए रु. ५००, दोश्रो पटक भए रु.१००० र तेश्रो पटक वा सो भन्दा बढि पटक गरेमा रु. ३००० जरिवाना र फो होरमैला उठाउन लाग्ने खर्च समेत निजबाट असुल गर्न सक्नेछ ।**

अनुरोधक :
प्यूठान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
बिजुवार, प्यूठान

## गाउँपालिकावासिलाई अनुरोध

लैंङ्गिक हिंसाको विरोध गरौं । ज्येष्ठ नागरिक, एकल महिला एवम्‌ अपाङ्गता भएका व्यक्तिहरुको लागि वितरण गरीने सामाजिक सुरक्षा भत्ता र अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरुपयोगमा खवरदारी गरौं । वातावरणमैत्री गाउँपालिका बनाउन प्रतिवद्ध वनौं । विकास निर्माणका काममा जनसहभागिता जुटाऔं । छोरा र छोरीमा भेदभाव नगरौं । बाल विवाह न्युनीकरणका लागि अभियान चलाऔं । गाउँपालिकाबाट इजाजत लिएर मात्र घर निर्माण तथा ब्यवसाय सञ्चालन गरौं ।

अनुरोधक
**गौमुखी गाउँपालिका**
गाउँ कार्यपालिकाको कार्यालय, लिवाङ्ग प्यूठान

## गाउँपालिकावासिलाई अनुरोध

लैंङ्गिक हिंसाको विरोध गरौं । ज्येष्ठ नागरिक, एकल महिला एवम्‌ अपाङ्गता भएका व्यक्तिहरुको लागि वितरण गरीने सामाजिक सुरक्षा भत्ता र अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरुपयोगमा खवरदारी गरौं । वातावरणमैत्री गाउँपालिका बनाउन प्रतिवद्ध वनौं । विकास निर्माणका काममा जनसहभागिता जुटाऔं । छोरा र छोरीमा भेदभाव नगरौं । बाल विवाह न्युनीकरणका लागि अभियान चलाऔं । गाउँपालिकाबाट इजाजत लिएर मात्र घर निर्माण तथा ब्यवसाय सञ्चालन गरौं ।

अनुरोधक
**माण्डवी गाउँपालिका**
गाउँ कार्यपालिकाको कार्यालय, जस्पुर प्यूठान

## गाउँपालिका वासिलाई अनुरोध

लैंङ्गिक हिंसाको विरोध गरौं । ज्येष्ठ नागरिक, एकल महिला एवम्‌ अपाङ्गता भएका व्यक्तिहरुको लागि वितरण गरीने सामाजिक सुरक्षा भत्ता र अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरुपयोगमा खवरदारी गरौं । वातावरणमैत्री गाउँपालिका बनाउन प्रतिवद्ध वनौं । विकास निर्माणका काममा जनसहभागिता जुटाऔं । छोरा र छोरीमा भेदभाव नगरौं । बाल विवाह न्युनीकरणका लागि अभियान चलाऔं । नगरपालिकाबाट इजाजत लिएर मात्र घर निर्माण तथा ब्यवसाय सञ्चालन गरौं ।

**अनुरोधक : सरुमारानी गाउँपालिका बड्डाँडा प्यूठान**

## स्वास्थ्य मापदण्डको पालना गरौं ।

लैङ्गिक समानता बोलेर वा लेखेर मात्र प्राप्त हुँदैन । परिणाम प्राप्तिका लागि प्रत्येक व्यक्तिले व्यवहारिक सुरुवात आफै बाट गर्नुपर्दछ । परिवर्तनको प्रारम्भ आफ्नै घरबाट गरौं ।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

## गाउँपालिका वासिलाई अनुरोध

१) जन्म, मृत्यु, बसाईसराई, बिवाह दर्ता जस्ता घटना ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा दर्ता गरौं ।
२) मालपोत लगायतका दस्तुर समयमै बुझाई जिम्मेवार नागरिक बनौं ।
३) कृषिमा आत्मनिर्भर, पशुपालनमा युवा सहभागिता बढाएर स्वरोजगार बनौं ।
४) आफ्नो सन्तानलाई सक्षम एवम् शिक्षित बनाउन विद्यालय पठाऔं।
५) गाउँ टोलको विकास निर्माण कार्यमा सहभागिता जनाऔं ।
६) बाँझो जमिन उपयोग गरी खाद्यान्न संकट हटाउनुमा जोड दिऔं ।
७) रुख, बिरुवा बृक्षारोपण गरी वातावरण हरीयाली बनाऔं ।
८) पूर्ण सरसफाई तथा हिंसा मुक्त समाज निर्माणमा सहयोग गरौं ।
९) आर्थिक कार्यमा महिला सहभागितामा जोड दिऔं ।
१०) बाल बिवाह रोकौं, छोरीको उज्ज्वल भविष्यको लागि आजैदेखि सोचौं ।
११) लैङ्गिक हिंसाको विरोध गरौं । ज्येष्ठ नागरिक, एकल महिला एवम्‌ अपाङ्गता भएका व्यक्तिहरुको लागि वितरण गरीने सामाजिक सुरक्षा भत्ता र अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरुपयोगमा खवरदारी गरौं ।
१२) गाउँपालिकाबाट इजाजत लिएर मात्र घर निर्माण तथा ब्यवसाय सञ्चालन गरौं ।

अनुरोधक
**नौबहिनी गाउँपालिका**
गाउँ कार्यपालिकाको कार्यालय, बाहाने प्यूठान

## गाउँपालिका वासिलाई अनुरोध

१) जन्म, मृत्यु, बसाईसराई, बिवाह दर्ता जस्ता घटना ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा दर्ता गरौं ।
२) मालपोत लगायतका दस्तुर समयमै बुझाई जिम्मेवार नागरिक बनौं ।
३) कृषिमा आत्मनिर्भर, पशुपालनमा युवा सहभागिता बढाएर स्वरोजगार बनौं ।
४) आफ्नो सन्तानलाई सक्षम एवम् शिक्षित बनाउन विद्यालय पठाऔं।
५) गाउँ टोलको विकास निर्माण कार्यमा सहभागिता जनाऔं ।
६) बाँझो जमिन उपयोग गरी खाद्यान्न संकट हटाउनुमा जोड दिऔं ।
७) रुख, बिरुवा बृक्षारोपण गरी वातावरण हरीयाली बनाऔं ।
८) पूर्ण सरसफाई तथा हिंसा मुक्त समाज निर्माणमा सहयोग गरौं ।
९) आर्थिक कार्यमा महिला सहभागितामा जोड दिऔं ।
१०) बाल बिवाह रोकौं, छोरीको उज्ज्वल भविष्यको लागि आजैदेखि सोचौं ।
११) लैङ्गिक हिंसाको विरोध गरौं । ज्येष्ठ नागरिक, एकल महिला एवम्‌ अपाङ्गता भएका व्यक्तिहरुको लागि वितरण गरीने सामाजिक सुरक्षा भत्ता र अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरुपयोगमा खवरदारी गरौं ।
१२) गाउँपालिकाबाट इजाजत लिएर मात्र घर निर्माण तथा ब्यवसाय सञ्चालन गरौं ।

अनुरोधक
**मल्लरानी गाउँपालिका**
गाउँ कार्यपालिकाको कार्यालय, खलंगा प्यूठान

**झुलेनी युनाईटेड नेटवर्क प्रा.लि. प्यूठानद्वारा प्रकाशित झुलेनी पोष्ट साप्ताहिक**
अध्यक्ष : गिरुप्रसाद भण्डारी (९८५७८३३०५१), सम्पादक : दीपा घर्ति (९८५७८३६६७२)
कार्यालय : प्यूठान न.पा.-४, विजुवार भौकारोड, (फोन : ०८६-५९०४३६) इमेल : jhulenipyuthan@gmail.com मुद्रण : पौरखी अफसेट प्रेस बाग्दुला प्यूठान